कागेश्वरी मनोहरा नगरपालिकाको

# विपद् पार्श्वचित्र

२०८३



## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

डाँछी, काठमाण्डौं

बागमती प्रदेश

## मन्तव्य

कागेश्वरी मनोहरा नगरपालिका पहाडी र समथल भू-धरातलमा अवस्थित रमणीय तथा द्रुत गतिमा विकास हुँदै गइरहेको नगरपालिका हो। देश संघीय संरचनामा गएपछि स्थानीय सरकारका रूपमा जनताको विकासप्रतिको तीव्र आकाङ्क्षासँगै यस नगरपालिकामा पूर्वाधार विकासका कार्य तीव्र रूपमा अघि बढिरहेका छन्।

यद्यपि, भौगोलिक विविधता र बढ्दो सहरीकरणका कारण यो नगरपालिका भूकम्प, पहिरो, बाढी, डुबान, आगलागी, चट्याङ, हावाहुरी र खडेरीजस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेको छ। जलवायु परिवर्तनको प्रभावले यो जोखिमलाई थप जटिल बनाइरहेको छ, जसका कारण वर्षेनी जनधनको क्षति हुने गरेको छ।

विपद् अघि पूर्वतयारीमा गरिएको थोरै लगानीले विपद् परिसकेपछिको ठूलो क्षति र खर्च जोगाउन सकिन्छ। यसै तथ्यलाई मध्यनजर गर्दै सम्भावित विपद्हरूको पहिचान, जोखिम विश्लेषण र क्षतिको अनुमान गरी जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना निर्माणमा आधार दस्तावेजका रूपमा यो विपद् पार्श्वचित्र तयार गरिएको छ। यो तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण वडाका जनप्रतिनिधिहरू, सरोकारवाला निकाय, सामुदायिक संस्था र विषय विज्ञहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यो पार्श्वचित्रले नगरपालिकालाई विपद् उत्थानशील समुदाय निर्माणमा सहयोग पुऱ्याउने विश्वास लिएका छौं।

**उपेन्द्र कार्की**
**नगर प्रमुख**
**कागेश्वरी मनोहरा नगरपालिका**

# कार्यकारी सारांश

कागेश्वरी मनोहरा नगरपालिका बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ। वि.सं. २०७१ मा साविकका गागलफेदी, आलापोट, भद्रवास, डाँछी, मूलपानी र गोठाटार गाउँ विकास समितिहरूलाई समायोजन गरी गठन भएको यो नगरपालिका २८.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको र ९ वटा वडामा विभाजित छ। समुद्री सतहबाट १,२९७ देखि २,२५८ मिटर उचाइसम्म फैलिएको यो भू-भाग समथल नदी फाँटदेखि शिवपुरीको उच्च भाग सम्मको विविधतायुक्त धरातल भएकाले प्रकोपहरूको जोखिममा रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिकाको जनसंख्या १,३०,४३३ (पुरुष ६५,०३१, महिला ६५,४०२) र घरधुरी ३३,७६४ रहेको छ। औसत जनघनत्व प्रति वर्ग कि.मी. करिब ४,७६४ जना भए पनि दक्षिणी सहरी वडाहरूमा उच्च रहेको छ। वार्षिक जनसंख्या वृद्धिदर ७.४१ प्रतिशत रहेकाले बसाइँसराइले निम्त्याएको अव्यवस्थित बस्ती र सहरीकरणले विपद् जोखिम तीव्र रूपमा बढाइरहेको छ।

यस नगरपालिकाको प्रमुख प्राकृतिक प्रकोपमा भूकम्प, बाढी/डुबान/नदी कटान, पहिरो/भूक्षय, आगलागी, चट्याङ-हावाहुरी र खडेरी र मानव-सिर्जित प्रकोपमा महामारी (COVID-१९, डेङ्गु, झाडापखाला आदि), मानव-वन्यजन्तु द्वन्द्व र सडक दुर्घटना रहेका छन्। जोखिमका आधारमा वडा ३ देखि ९ बाढी/डुबान, वडा १, ३, ४ र ८ पहिरो र वडा ८ र ९ आगलागीको उच्च जोखिम क्षेत्रका रूपमा रहेका छन्। यस नगरपालिका काठमाडौं उपत्यकाभित्र पर्ने हुनाले भूकम्पीय उच्च जोखिममा रहेको छ।

संकटासन्नताका आधारमा वडा १, ५, ६, ७, ८ र ९ उच्च जोखिम वर्गमा, वडा ३ र ४ मध्यम वर्गमा र वडा २ न्यून वर्गमा पर्दछन्। संस्थागत रूपमा नगर र सबै ९ वडामा विपद् व्यवस्थापन समिति गठन भएको छ, नगर प्रहरी, नेपाल रेडक्रस र विभिन्न सरोकारवाला संस्था क्रियाशील छन् भने कागेश्वरी मनोहरा नगरपालिका विपद् ऐन, २०७६ पारित भइसकेको छ।

नगरपालिकामा बाढी उद्धारका लागि लाइफ ज्याकेट/डुङ्गा, प्रभावकारी पूर्व-सूचना प्रणाली, अग्नि नियन्त्रक यन्त्र र वडास्तरीय राहत भण्डारणको अभाव रहेको छ। यी अभावलाई सम्बोधन गर्दै यस पार्श्वचित्रले तत्काल, मध्यकालीन र दीर्घकालीन सुझावसहित वडागत प्राथमिकतामा आधारित जोखिम न्यूनीकरण कार्यदिशा प्रस्तुत गरेको छ।

यो प्रतिवेदन आठ भागमा संरचित रहेको छ: (१) परिचय, (२) नगरपालिकाको परिचय (भूगोल, जनसाँख्यिकी, सामाजिक-आर्थिक र वातावरण), (३) नगरपालिकाको विपद् इतिहास र विश्लेषण, (४) प्रकोप पहिचान र वर्गीकरण, (५) जोखिम विश्लेषण (६), संकटासन्नता र क्षमता विश्लेषण ७) प्रकोप पूर्वानुमान र पूर्व-सूचना प्रणाली (८) जोखिम न्यूनीकरण सुझाव। साथै सन्दर्भ सामग्री र पाँच अनुसूची (१) वडागत विस्तृत प्रोफाइल, (२) विषयगत वडागत विवरण, विद्यालय/आश्रयस्थल र न्यूनीकरण रणनीति, (३) विपद् व्यवस्थापन समितिको विवरण, (४) नक्साहरू र (५) तस्बिर संग्रह समावेश छन्।

## परिभाषा तथा शब्द संक्षेप

यस पार्श्वचित्रमा प्रयोग भएका प्रमुख शब्द संक्षेप तथा परिभाषाहरू तल प्रस्तुत गरिएका छन्।

| संक्षेप / शब्द | पूरा रूप / अर्थ |
|---|---|
| DPRP | Disaster Preparedness and Response Plan (विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना) |
| EWS | Early Warning System (पूर्व-सूचना प्रणाली) |
| EOC | Emergency Operation Centre (आपत्कालीन कार्य सञ्चालन केन्द्र) |
| GIS | Geographic Information System (भौगोलिक सूचना प्रणाली) |
| HDI | Human Development Index (मानव विकास सूचकाङ्क) |
| DHM | Department of Hydrology and Meteorology (जल तथा मौसम विज्ञान विभाग) |
| प्रकोप (Hazard) | क्षति पुऱ्याउन सक्ने प्राकृतिक/मानव-सिर्जित घटना |
| सम्मुखता (Exposure) | प्रकोप क्षेत्रमा रहेका जनधन र संरचना |
| संकटासन्नता (Vulnerability) | प्रभावित हुने सम्भावना बढाउने अवस्था |
| क्षमता (Capacity) | विपद् सामना गर्ने स्रोत, संयन्त्र र दक्ष जनशक्ति |
| जोखिम (Risk) | प्रकोप × सम्मुखता × संकटासन्नता ÷ क्षमता |
| गा.वि.स. (साविक) | साविक गाउँ विकास समिति — हाल विद्यमान छैन; भू-भाग पहिचानका लागि मात्र |

# विषयसूची


मन्तव्य ........ ख

कार्यकारी सारांश ........ ग

परिभाषा तथा शब्द संक्षेप ........ घ

विषयसूची ........ ङ

भाग १: परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ पार्श्वचित्र तयारीको उद्देश्य ........ १

१.३ पार्श्वचित्रको महत्त्व ........ २

१.४ विपद् पार्श्वचित्र तयारीको विधि र प्रक्रिया ........ २

१.४.१ तथ्याङ्क संकलन ........ २

१.४.२ छलफल, अन्तर्क्रिया र स्थलगत अवलोकन ........ २

१.४.३ विश्लेषण ........ ३

१.४.४ पार्श्वचित्र निर्माण ........ ३

१.५ कानूनी, नीतिगत तथा संस्थागत आधार ........ ३

भाग २: नगरपालिकाको परिचय ........ ४

२.१ भौगोलिक अवस्थिति र सीमाना ........ ४

२.२ प्रशासनिक विभाजन ........ ५

२.३ जनसाँख्यिक तथ्याङ्क ........ ६

२.३.१ वडागत जनसंख्या वितरण ........ ६

२.३.२ उमेर समूह, जातजाति र धर्म ........ ७

२.४ सामाजिक-आर्थिक अवस्था ........ ८

२.४.१ शिक्षा र सामाजिक अवस्था ........ ८

२.४.२ आर्थिक अवस्था र आवास ........ ८

२.५ भौतिक पूर्वाधारको अवस्था ........ ९

२.६ प्राकृतिक स्रोत, वातावरण र जलवायु अवस्था ........ १०

२.६.१ वन तथा जैविक विविधता ........ १०

२.६.२ जलवायु परिवर्तन र विपद् जोखिम ....................................................................१०
भाग ३: नगरपालिकाको विपद् इतिहास र विश्लेषण....................................................................१२
३.१ विगतका मुख्य विपद् घटनाहरू (वडा अनुसार) ....................................................................१२
३.२ वार्षिक विपद् क्षति विवरण....................................................................१४
३.३ वडागत विपद् प्रवृत्ति....................................................................१४
३.४ विपदबाट भएको क्षतिको क्षेत्रगत विवरण....................................................................१५
भाग ४: प्रकोप पहिचान र वर्गीकरण....................................................................१६
४.१ प्राकृतिक प्रकोपहरू ....................................................................१६
४.१.१ भूकम्प ....................................................................१६
४.१.२ बाढी, डुबान र नदी कटान ....................................................................१९
४.१.३ पहिरो र भूक्षय....................................................................२२
४.१.४ आगलागी ....................................................................२३
४.१.५ चट्याङ र हावाहुरी ....................................................................२४
४.१.६ खडेरी (खानेपानी अभाव)....................................................................२४
४.२ मानव-सिर्जित प्रकोपहरू....................................................................२५
४.२.१ महामारी (COVID-१९ र अन्य) ....................................................................२५
४.२.२ मानव-वन्यजन्तु द्वन्द्व ....................................................................२५
४.२.३ सडक दुर्घटना....................................................................२५
४.२.४ अन्य मानव-सिर्जित जोखिम ....................................................................२६
भाग ५: जोखिम विश्लेषण....................................................................२७
५.१ जोखिम विश्लेषणको अवधारणा र सूत्र....................................................................२७
५.२ मापन तथा स्तर निर्धारणको आधार ....................................................................२७
५.३ प्रकोपगत सम्भावना, प्रभाव र जोखिम स्तर....................................................................२९
५.४ वडागत प्रकोप जोखिम म्याट्रिक्स ....................................................................२९
५.५ वडागत समग्र जोखिम सारांश....................................................................३०
भाग ६: संकटासन्नता र क्षमता विश्लेषण ....................................................................३१
६.१ वडागत संकटासन्नता तालिका ....................................................................३१

६.२ संस्थागत क्षमता विवरण ...... ३१

६.३ स्रोत-साधन तालिका...... ३३

६.४ खुला स्थान र हेलिप्याडको विवरण...... ३४

भाग ७: प्रकोप पूर्वानुमान र पूर्व-सूचना प्रणाली...... ३५

७.१ हालको पूर्व-सूचना प्रणालीको अवस्था ...... ३५

७.२ सुधारका सुझाव र सम्भावनाहरू ...... ३५

भाग ८: जोखिम न्यूनीकरण सुझाव...... ३७

८.१ तत्काल (अल्पकालीन) सुझावहरू ...... ३७

८.२ मध्यकालीन सुझावहरू ...... ३७

८.३ दीर्घकालीन सुझावहरू...... ३८

८.४ वडागत प्राथमिकतामा आधारित सुझाव ...... ३८

सन्दर्भ सामग्री...... ४०

अनुसूचीहरु ...... ४१

अनुसूची १: वडागत पार्श्वचित्र(प्रोफाइल)...... ४१

वडा नं. १: गागलफेदी क्षेत्र...... ४१

वडा नं. २: आलापोट क्षेत्र...... ४४

वडा नं. ३: भद्रवास क्षेत्र ...... ४७

वडा नं. ४: डाँछी क्षेत्र...... ५०

वडा नं. ५: डाँछी क्षेत्र ...... ५३

वडा नं. ६: मूलपानी क्षेत्र...... ५६

वडा नं.७: मूलपानी/गोठाटार क्षेत्र...... ६०

वडा नं. ८: गोठाटार क्षेत्र...... ६३

वडा नं. ९: गोठाटार क्षेत्र ...... ६६

अनुसूची २: विपद व्यवस्थापन क्षमता र न्यूनीकरण रणनीतिको विवरण...... ७०

अनुसूची ३: विपद् व्यवस्थापन समितिको विवरण ...... ७३

अनुसूची ४: नगरपालिकाको विपद जोखिम तथा व्यवस्थापन देखिने नक्सा...... ७६

अनुसूची ५: तस्बिर संग्रह ...... ७७

# भाग १ः परिचय

## १.१ पृष्ठभूमि

कागेश्वरी मनोहरा नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ। यो नगरपालिका मिति २०७१ साल मङ्सिर १६ गते साविकका गोठाटार, मूलपानी, डाँछी, भद्रवास, आलापोट र गागलफेदी गाउँ विकास समितिहरूलाई समायोजन गरी गठन गरिएको हो। यो नगरपालिका धार्मिक तथा ऐतिहासिक महत्त्वका स्थलहरू कागेश्वरी महादेव मन्दिर, काष्ठभैरव मन्दिर, सिमतीर्थ, तेजविनायक गणेश मन्दिर, नवतनधाम र चम्पक विनायक मन्दिरका साथै गुम्बाहरू पनि रहेका छन्। यहाँका मुख्य नदीहरू बागमती र मनोहरा रहेका छन् भने बासुकी, झरुवा, ढकाल, कागेश्वरी र महादेव लगायतका खोला तथा खहरे खोल्सीहरू रहेका छन्।

नगरपालिकाको भौगोलिक अवस्थिति र जलवायु परिवर्तनको असरले गर्दा विभिन्न प्राकृतिक र मानव-सिर्जित विपद्हरूको जोखिम रहेको छ। नगरपालिका हुँदै बग्ने नदीहरूका कारण वर्षेनी डुबान र कटान हुदै आएको छ भने अव्यवस्थित विद्युतीय तारहरूको कारणले आगलागीको जोखिम पनि उच्च रहेको छ। तसर्थ, यी लगायत अन्य विपद्हरूको पहिचान, अभिलेखीकरण गरी जोखिम न्यूनीकरण गर्न नगरपालिकाको एक विपद् पार्श्वचित्र तयार गर्नु आवश्यक भएको हो। यस विपद् पार्श्वचित्रले सम्भावित विपद्हरूको पहिचान, जोखिम विश्लेषण र क्षतिको अनुमान गरी जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना निर्माणमा आधारभूत दस्तावेजका रूपमा काम गर्नेछ।

## १.२ पार्श्वचित्र तयारीको उद्देश्य

कागेश्वरी मनोहरा नगरपालिकाले दीर्घकालीन सोच अनुरूप विकासका हरेक प्रयासमा विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्न खोजेको छ। विभिन्न प्राकृतिक एवं मानव-सिर्जित विपद्हरूको कारण नगरपालिकाका सबै वडा कुनै न कुनै रूपमा प्रभावित छन्। जलवायु तथा विपद् उत्थानशील नगरपालिका बन्नका लागि संकटासन्न क्षेत्रहरू पहिचान गरी जोखिम अवस्थाको आधारभूत जानकारीका लागि यो पार्श्वचित्र तयार गरिएको हो। यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन्:

- नगरपालिकाको भौगोलिक, जनसाँख्यिक, सामाजिक-आर्थिक, भौतिक र वातावरणीय अवस्थाको अभिलेखीकरण गर्ने।
- विगतका विपद् घटना, क्षति तथा पुनरावृत्ति र वडागत विपद् प्रवृत्तिको विश्लेषण गर्ने।
- सम्भावित प्राकृतिक तथा मानव-सिर्जित प्रकोपहरूको पहिचान गरी प्रत्येकको जोखिम स्तर (उच्च/मध्यम/न्यून) निर्धारण गर्ने।
- वडागत संकटासन्नता र संस्थागत/स्रोतगत क्षमताको विश्लेषण गर्ने।
- जलवायु अनुकूलन र जोखिम न्यूनीकरणका लागि तत्काल, मध्यकालीन र दीर्घकालीन सुझाव तथा भावी कार्यदिशा प्रस्तुत गर्ने।

### १.३ पार्श्वचित्रको महत्त्व

विपद् पार्श्वचित्रले नगरपालिकामा सम्भावित विपद्हरूको पहिचान गरी ती विपद्हरूको जोखिम र क्षतिको पूर्व-अनुमानसहित विपद् पूर्वतयारी योजनाको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यो दस्तावेजले विपद्को असर कम गर्ने तरिका र सञ्चालन गर्नुपर्ने कार्यक्रमको दिशा निर्देश गर्न मद्दत गर्दछ, जसको प्रत्यक्ष लाभ स्थानीय जनताको जनधन सुरक्षा र नगरपालिकाको दिगो विकासमा पुग्दछ। साथै यो पार्श्वचित्रले स्थानीय समुदाय, सरकारी कार्यालय र राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ-संस्थाको भूमिकालाई प्रभावकारी बनाउँदै नगरपालिकालाई विपद (प्रकोप) बाट अनुकूलित हुने क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ।

### १.४ विपद् पार्श्वचित्र तयारीको विधि र प्रक्रिया

यो विपद् पार्श्वचित्र तयार गर्न सहभागितामूलक तथा अर्ध-परिमाणात्मक विधि अवलम्बन गरिएको छ। तयारी प्रक्रिया मूलतः चार चरणमा सम्पन्न गरिएको छ; तथ्याङ्क संकलन, छलफल, अन्तर्क्रिया र स्थलगत अवलोकन, विश्लेषण, र पार्श्वचित्र निर्माण।

#### १.४.१ तथ्याङ्क संकलन

पार्श्वचित्र तयारीको पहिलो चरणमा नगरपालिकाको भौगोलिक, जनसाँख्यिक र विपद्-सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ। भौगोलिक तथ्याङ्कमा नगरपालिकाको स्थिति, उचाइ, बाढी, पहिरो लगायत जोखिमयुक्त तत्त्वहरू समावेश गरिएका छन्। जनसाँख्यिक तथ्याङ्कमा जनसंख्या वितरण, उमेर समूह, घरपरिवार संख्या र विपन्न वर्गको विवरण लिइएको छ। नगरपालिकाभित्र रहेका सडक, बिजुली, खानेपानी, स्वास्थ्य र शिक्षाजस्ता भौतिक संरचनाको अवस्था आवधिक नगर विकास योजना २०८१/८२-२०८५/८६, राष्ट्रिय जनगणना २०७८ र अन्य द्वितीय स्रोतबाट लिइएको छ। यसका साथै नदीको अवस्थिति, धार्मिक तथा सांस्कृतिक संरचना, विद्यालय एवं स्वास्थ्य संस्थाको स्थानको GIS प्रविधिमार्फत नक्साङ्कन गर्ने कार्य र विगतमा भएका विपद् घटनाहरूको ऐतिहासिक अभिलेखको समेत संकलन गरिएको छ।

#### १.४.२ छलफल, अन्तर्क्रिया र स्थलगत अवलोकन

समूहगत छलफल तथा मुख्य जानकारहरूसँगको अन्तर्क्रियाबाट आवश्यक तथ्याङ्क संकलन गरिएको हो। यस क्रममा 'विपद् पार्श्वचित्र तयारी कार्यशाला गोष्ठी, २०८३ सञ्चालन गरी नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विपद् प्रमुख, सबै ९ वडाका प्रतिनिधि, विषयगत शाखा प्रमुखहरू, नगर प्रहरी, नेपाल रेडक्रस सोसाइटी र विपद् सम्पर्क व्यक्तिको सहभागिता रह्यो। कार्यशालामा संरचित वडागत चेकलिस्टका आधारमा प्रत्येक वडाको विपद् सम्भावना, स्थानीय अनुभव, क्षति विवरण र समाधानका सुझाव संकलन गरिएका छन्। यसका अतिरिक्त जोखिमयुक्त स्थानहरूमा स्थलगत अवलोकन गरियो।

### १.४.३ विश्लेषण

पहिचान गरिएका विपद्हरूको सम्भावना, जोखिम स्तर र सम्भावित प्रभावको आकलन गरी प्रत्येक प्रकोपको जोखिम स्तर (उच्च, मध्यम, न्यून) निर्धारण गरिएको छ। विपद्ले बस्ती, भौतिक संरचना, कृषि उत्पादन र अर्थतन्त्रमा पार्न सक्ने सम्भावित असरको गुणात्मक तथा अर्ध-परिमाणात्मक विश्लेषण गरिएको छ।

### १.४.४ पार्श्वचित्र निर्माण

उपरोक्त चरणहरूबाट प्राप्त विश्लेषण गरिएका तथ्याङ्क, नक्सा र तालिकाहरूको प्रयोग गरी यो पार्श्वचित्र निर्माण गरिएको हो। यसमा नगरपालिकाको परिचय, विपद् पहिचान, जोखिम विश्लेषण र जोखिम न्यूनीकरणका सुझावहरू प्रस्तुत गरिएका छन्। पार्श्वचित्रको प्रारम्भिक मस्यौदा तयार गरेपछि विषयविज्ञ र नगरपालिकाका सम्बन्धित शाखाहरूको सुझाव समेत समावेश गरी अन्तिम रूप दिइएको छ।

## १.५ कानूनी, नीतिगत तथा संस्थागत आधार

नेपाल सरकारले जारी गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरेअनुसार कागेश्वरी मनोहरा नगरपालिकाले ‘कागेश्वरी मनोहरा नगरपालिका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७६ तयार गरी नगरसभाबाट पारित भईसकेको छ। उक्त ऐनमा विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यका लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने व्यवस्था गरिएको छ।

तालिका १.१ : विपद् व्यवस्थापनको कानूनी, नीतिगत तथा संस्थागत आधार

| कानून / नीति / संरचना | सान्दर्भिकता |
|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | विपद् व्यवस्थापनको मूल कानूनी आधार, स्थानीय तहको जिम्मेवारी |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | ऐनको कार्यान्वयन प्रक्रिया र संरचना |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | स्थानीय तहलाई विपद् व्यवस्थापनको अधिकार र दायित्व |
| कागेश्वरी मनोहरा नगरपालिकाको **विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६** | नगरपालिका स्तरीय विपद् व्यवस्थापनको कानूनी आधार |
| नगर/वडा विपद् व्यवस्थापन समिति | नीति, समन्वय र परिचालन (सबै वडामा गठित) |
| राष्ट्रिय वि.जो.न्यू. रणनीतिक कार्ययोजना; सेन्डाई फ्रेमवर्क | राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग तादात्म्य |

# भाग २: नगरपालिकाको परिचय

कागेश्वरी मनोहरा नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको उत्तर-पूर्वमा अवस्थित एक धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्रोतले सम्पन्न र द्रुत रूपमा सहरीकरण हुँदै गएको नगरपालिका हो। यो नगरपालिका मिति २०७१ साल मङ्सिर १६ गते नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयबाट साविकका गोठाटार, मूलपानी, डाँछी, भद्रवास, आलापोट र गागलफेदी गाउँ विकास समितिहरूलाई समायोजन गरी गठन गरिएको हो। नगरपालिकाको नामकरण प्रसिद्ध धार्मिक स्थल कागेश्वरी महादेव मन्दिर र मनोहरा नदीको नामबाट गरिएको हो। 'कागेश्वरीले धार्मिक र 'मनोहराले प्राकृतिक सुन्दरतालाई प्रतिनिधित्व गर्दछ।

देश संघीय संरचनामा गएपछि स्थानीय सरकारका रूपमा यस नगरपालिकामा पूर्वाधार विकास तीव्र रूपमा भइरहेको छ। तर भौगोलिक अवस्थिति, बढ्दो जनघनत्व, अव्यवस्थित बस्ती विस्तार र जलवायु परिवर्तनको असरका कारण विभिन्न प्राकृतिक तथा मानव-सिर्जित विपद्हरूको जोखिम क्रमशः बढ्दै गएको छ। प्राकृतिक रूपमै यो नगरपालिका भूकम्प, पहिरो, आगलागी, चट्याङ, हावाहुरी, खडेरीजस्ता बहु-प्रकोप (multi-hazard) को जोखिममा रहेको छ।

## २.१ भौगोलिक अवस्थिति र सीमाना

कागेश्वरी मनोहरा नगरपालिका २७° ४१′ २" देखि २७° ४६′ ३३" उत्तरी अक्षांश र ८५° २१′ ४५" देखि ८५° २८′ १९" पूर्वी देशान्तरमा अवस्थित छ। समुद्री सतहबाट १,२९७ मिटरदेखि २,२५८ मिटर उचाइसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल २८.८० वर्ग किलोमिटर रहेको छ। भौगोलिक हिसाबले यो नगरपालिका समथल जमिनदेखि शिवपुरी पहाडसम्मको विविधतायुक्त भू-धरातलमा फैलिएको छ। नगरपालिकाको सीमाना तालिका २.१ मा रहेको छ।

तालिका २.१: नगरपालिकाको सीमाना

| **दिशा** | **सिमानामा पर्ने स्थानीय तह/क्षेत्र** |
|---|---|
| पूर्व | शंखरापुर नगरपालिका |
| दक्षिण-पूर्व | भक्तपुर जिल्लाको मध्यपुर थिमी र चाँगुनारायण नगरपालिका |
| दक्षिण-पश्चिम | काठमाडौं महानगरपालिका |
| उत्तर-पश्चिम | गोकर्णेश्वर नगरपालिका |
| उत्तर | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्र |

नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरूमा कागेश्वरी महादेव मन्दिर, नवतनधाम, चम्पक विनायक मन्दिर, काष्ठभैरव मन्दिर, सिमतीर्थ, गीता मन्दिर, तेजविनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महाँकाल भैरव मन्दिर, कोल्मतेश्वर र थली बालकुमारी मन्दिर साथै विभिन्न गुम्बाहरू पर्दछन्। यी सम्पदा क्षेत्र पर्यटकीय सम्भावनाका साथै विपद्को समयमा संरक्षण आवश्यक संरचनाका रूपमा महत्त्वपूर्ण छन्।




नक्सा १ : नगरपालिकाको आधार नक्सा

## २.२ प्रशासनिक विभाजन

नगरपालिकालाई जम्मा ९ वटा वडामा विभाजन गरिएको छ। क्षेत्रफलका हिसाबले वडा नं. १ (गागलफेदी) सबैभन्दा ठूलो (९.८२ वर्ग कि.मी.) रहेको छ भने वडा नं. ९ सबैभन्दा सानो (१.४६ वर्ग कि.मी.) भए पनि जनसंख्याका दृष्टिले सबैभन्दा ठूलो वडा हो। दक्षिणी भाग (वडा ६–९) घना बस्ती र उत्तरी भाग (गागलफेदी, आलापोट, भद्रवास, डाँछी) छरिएको बस्ती रहेका छन्। नगरपालिकाको प्रशासनिक केन्द्र डाँछी (थली क्षेत्र) मा रहेको छ। गठन हुँदा १६ वडा रहेको यस नगरपालिकामा स्थानीय तह पुनर्संरचना (नेपाल राजपत्र, २०७३ फागुन) पश्चात् हालका ९ वडा कायम गरिएका हुन्।

तालिका २.२ : वडागत प्रशासनिक विभाजन

| वडा | साविक गा.वि.स. / समायोजन | क्षेत्रफल (व.कि.मी.) |
|---|---|---|
| १ | साविक वडा नं. १, २ र १४ (गागलफेदी) | ९.८१७७ |
| २ | साविक वडा नं. ३ र १५ (आलापोट) | १.५५३० |
| ३ | साविक वडा नं. ४ र १६ (भद्रवास) | १.६१०० |
| ४ | साविक डाँछी वडा नं. १–६ (डाँछी) | २.९६४० |
| ५ | साविक डाँछी वडा नं. ७, ८ र ९ (डाँछी) | ४.२२४० |
| ६ | साविक वडा नं. ९ र १० (मूलपानी) | ३.०२७० |
| ७ | साविक मूलपानी वडा १–३ र गोठाटार वडा ५–७ (मूलपानी/गोठाटार) | २.४२२५ |
| ८ | साविक गोठाटार वडा नं. १–४ (गोठाटार) | १.७१८० |
| ९ | साविक वडा नं. ८, ९ र १३ (गोठाटार) | १.४६३० |

स्रोतः नगरपालिकाको अभिलेख, २०८३

## २.३ जनसाँख्यिक तथ्याङ्क

राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या १,३०,४३३ (पुरुष ६५,०३१-४९.९%, महिला ६५,४०२- ५०.१%) रहेको छ। औसत जनघनत्व प्रति वर्ग किलोमिटर करिब ४,५२९ जना छ। वि.सं. २०६८ मा जनसंख्या ६०,२३७ रहेकोमा १० वर्षमा झन्डै दोब्बर भएको छ। वार्षिक जनसंख्या वृद्धिदर ७.४१ प्रतिशत रहेको छ, जुन बसाइँसराइका कारण देशकै उच्च दरहरूमध्ये पर्दछ। घरधुरीका हिसाबले वि.सं. २०७८ मा जम्मा ३३,७६४ घरधुरी रहेका छन् (२०६८ मा १४,३२९), एक दशकमा करिब १९,४३५ घरधुरी थपिएका छन्। औसत परिवार आकार ३.८६ जना, सबैभन्दा बढी वडा २ मा (४.३७) र कम वडा ९ मा (३.६२) रहेको छ।

### २.३.१ वडागत जनसंख्या वितरण

सबैभन्दा बढी जनसंख्या वडा नं. ९ (२३.८८%), त्यसपछि वडा ६ (१९.४३%), वडा ७ (१६.४८%) र वडा ८ (१२.७८%) मा रहेको छ । यी चार वडामा कुल जनसंख्याको झन्डै ७३ प्रतिशत बसोबास गर्दछ। सबैभन्दा कम वडा ३ (२.४५%) र वडा २ (२.६४%) मा छ। जनगणना २०७८ मा आधारित वडागत तथ्याङ्क (तालिका २.३) अनुसार जनघनत्व उत्तरतर्फ (वडा १ मा ६९२ जना/व.कि.मी.) भन्दा दक्षिणतर्फ (वडा ९ मा २१,२९०, वडा ८ मा ९,७०३, वडा ६ मा ८,३७२) निकै बढी छ।

तालिका २.३ : वडागत जनसंख्या तथा घरधुरी

| वडा | जनसंख्या (२०७८) | कुलको % | घरधुरी (२०७५) | जनसंख्या (२०७५) | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | ६,७९६ | ५.२१% | १,५१५ | ६,७७८ | ६९२ |
| २ | ३,४४३ | २.६४% | ७५२ | ३,४६८ | २,२१७ |
| ३ | ३,१९६ | २.४५% | ६८३ | २,९३२ | १,९८५ |
| ४ | ९,४९६ | ७.२८% | १,७९६ | ७,७७७ | ३,२०४ |
| ५ | १२,८४८ | ९.८५% | २,३९७ | ९,७७६ | ३,०४२ |
| ६ | २५,३४३ | १९.४३% | २,९४१ | १२,८८१ | ८,३७२ |
| ७ | २१,४९५ | १६.४८% | ४,९०१ | १९,००८ | ८,८७३ |
| ८ | १६,६६९ | १२.७८% | ३,०२९ | ११,०१६ | ९,७०३ |
| ९ | ३१,१४७ | २३.८८% | ८,१५२ | २८,४९५ | २१,२९० |
| **कुल जम्मा** | **१,३०,४३३** | **१००%** | **२६,१६६** | **१,०२,१३१** | **४,७६४** |

(स्रोत : जनगणना २०७८; घरधुरी सर्वेक्षण २०७५)

## २.३.२ उमेर समूह, जातजाति र धर्म

जनगणना, २०७८ अनुसार ०–१४ वर्ष २२.३९%, १५–६४ वर्ष ७२.४६% र ६५+ वर्ष ५.१६% रहेका छन्। आर्थिक रूपले सक्रिय जनसंख्या करिब ९४५१२ जना छ। विपद्को सन्दर्भमा बालबालिका र ज्येष्ठ नागरिक सबैभन्दा संवेदनशील समूह हुन्। जातजातिमा ७४ थरी समुदाय बसोबास गर्दछन्। ब्राह्मण (३०.२४%), क्षेत्री (३०.०४%), तामाङ (११.९८%) र नेवार (८.७२%) प्रमुख छन्। धर्ममा हिन्दु (~८३%), बौद्ध (१२.४८%), क्रिस्चियन (२.४६%) र किरात (१.६२%) रहेका छन्।

तालिका २.४ : उमेर समूह, जातजाति र धर्म

| उमेर वर्ग | % | प्रमुख जातजाति | % | प्रमुख धर्म | % |
|---|---|---|---|---|---|
| ०–१४ | २२.३९ | ब्राह्मण | ३०.२४ | हिन्दु | ~८३.०० |
| १५–६४ | ७२.४६ | क्षेत्री | ३०.०४ | बौद्ध | १२.४८ |
| ६५+ | ५.१६ | तामाङ | ११.९८ | क्रिस्चियन | २.४६ |
| — | — | नेवार | ८.७२ | किरात | १.६२ |

(स्रोत : राष्ट्रिय जनगणना २०७८)

## २.४ सामाजिक-आर्थिक अवस्था

आवधिक नगर विकास योजना (२०८१/८२–२०८५/८६) अनुसार यस नगरपालिकाको मानव विकास सूचकाङ्क ०.६६५ रहेको छ, जुन बागमती प्रदेश (०.६६१) र राष्ट्रिय औसत (०.६०२) भन्दा उच्च हो। लैङ्गिक विकास सूचकाङ्क ०.९४५, गरिबी दर ११.५% र निरपेक्ष गरिबी दर ७.०% रहेको छ। प्रतिव्यक्ति आय करिब १,९२५ अमेरिकी डलर रहेको छ।

तालिका २.५: सामाजिक-आर्थिक सूचक

| सामाजिक-आर्थिक सूचक | नेपाल | बागमती प्रदेश | कागेश्वरी मनोहरा |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क (HDI) | ०.६०२ | ०.६६१ | ०.६६५ |
| लैङ्गिक विकास सूचकाङ्क | ०.९४२ | ०.९३१ | ०.९४५ |
| बहुआयामिक गरिबी दर (%) | २८.६ | १२.२ | ११.५ |
| निरपेक्ष गरिबी दर (%) | १८.७ | १५.३ | ७.० |
| प्रतिव्यक्ति आय (US$) | १,०४७ | १,९१७ | १,९२५ |

(स्रोत : आवधिक योजना २०८१; बागमती प्रदेश योजना; आर्थिक सर्वेक्षण २०७९/८०)

### २.४.१ शिक्षा र सामाजिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार नगरपालिकाको साक्षरता दर ८८.४१% ( पुरुष ९४.०८%, महिला ८२.८५%) रहेको छ तर नगरपालिकाको वार्षिक शैक्षिक प्रतिवेदन अनुसार साक्षरता दर ९०.९% सम्म पुगेको छ। सामुदायिक २३ , संस्थागत १६ गरी जम्मा ३७ प्रारम्भिक बालविकास केन्द्र र ४९ विद्यालय रहेका छन्। विद्यालयहरू विपद्को समयमा आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने भएकाले विद्यालय सुरक्षा कार्यक्रम महत्त्वपूर्ण छ।

### २.४.२ आर्थिक अवस्था र आवास

जनगणना, २०७८ अनुसार करिब १५.४% जनसंख्या कृषि पेसामा आबद्ध छन्। नगर पार्श्वचित्र, २०७२ अनुसार खेतीयोग्य भूमि करिब २,७१८ हेक्टर रहेकोमा हाल करिब १,३१९ हेक्टरमा मात्र खेती हुँदै आएको छ। राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार ३,६५१ व्यावसायिक प्रतिष्ठानमा करिब १०,२७४ जना रोजगारीमा संलग्न छन्। गागलफेदी (वडा १) र थली (वडा ४) प्रमुख बजार क्षेत्र हुन्। बढ्दो आवास मागलाई सम्बोधन गर्न ग्रीनसिटी (३४० रोपनी, करिब ८०० घर), सनसिटी (६५ रोपनी, करिब ५०० घर), काठमाडौं महानगरको मनोहरा फाँट आवास (२,२७० रोपनी, ३,७०० घर) र ईशान नयाँ सहर आयोजना सञ्चालनमा छन्। यी आयोजनालाई भूकम्प प्रतिरोधी निर्माण, ढल निकास र खुला स्थानसहित विकास गर्नु अपरिहार्य छ।

तालिका २.६ : क्रियाशील कृषि तथा पशुपालन फर्म

| कृषि/पशु फर्म | संख्या | कृषि/पशु फर्म | संख्या |
|---|---|---|---|
| गाई फर्म | १८ | बङ्गुर फर्म | २ |
| भैंसी फर्म | २ | दूध डेरी | ११ |
| बाख्रा फर्म | ७ | कृषि फर्म | ६३ |
| कुखुरा फर्म | १३ | पशुपालन फर्म | १४ |

(स्रोत : नगरपालिका अभिलेख, २०८०)

## २.५ भौतिक पूर्वाधारको अवस्था

नगरपालिकाका सबै वडामा सडक सञ्जाल पुगेको छ। जम्मा करिब २७१.८० किलोमिटर सडकदूरी रहेको छ (DPRP २०७८)। रत्नपार्कदेखि गागलफेदी, साँखु र पेप्सिकोलादेखि मूलपानी क्रिकेट स्टेडियम हुँदै सार्वजनिक यातायात सञ्चालनमा छन्। तर भित्री बस्तीका धेरै सडक कच्ची, साँघुरा र ढल निकासको अभाव भएका छन्, जसले वर्षातमा पानी जम्ने, आगलागीमा दमकल पुग्न नसक्ने र सडक बिग्रने समस्या निम्त्याउँछ। उत्तरी क्षेत्रमा सार्वजनिक यातायात कम प्रभावकारी छ।

स्वास्थ्य सेवातर्फ ५ स्वास्थ्य चौकी, २ सहरी स्वास्थ्य केन्द्र, १ प्राथमिक स्वास्थ्य केन्द्र, २ बर्थिङ सेन्टर, १ आयुर्वेदिक चिकित्सालय, २० खोप क्लिनिक र १३ गाउँघर क्लिनिक रहेका छन्।

तालिका २.७ : भौतिक पूर्वाधार तथा स्वास्थ्य सेवा

| पूर्वाधार/सेवा | संख्या/अवस्था | विपद् सन्दर्भमा महत्त्व |
|---|---|---|
| सडक सञ्जाल | २७१.८० कि.मी. | निकासी मार्ग, कच्ची सडक सहित |
| स्वास्थ्य चौकी | ५ | प्राथमिक उपचार |
| सहरी स्वास्थ्य केन्द्र | २ | उपचार र रिफरल |
| प्राथमिक स्वास्थ्य केन्द्र | १ | आपत्कालीन उपचार |
| बर्थिङ सेन्टर | २ | मातृ/सुत्केरी सेवा |
| खोप / गाउँघर क्लिनिक | २० / १३ | आधारभूत पहुँच |
| एम्बुलेन्स | आलापोट, नगर कार्यालय, ब्रह्मदीप | रिफरल/ओसारपसार |

(स्रोत : DPRP २०७८; आवधिक योजना २०८१)

खानेपानीतर्फ धेरै बस्तीमा भूमिगत पानी (बोरिङ/मोटर) मा निर्भरता रहेको र केही मुहान सुक्दै गएकाले सुख्खायाममा पानीको समस्या छ। विद्युत् सेवा सबै वडामा पुगे पनि अव्यवस्थित पोल/तारका कारण आगलागी र दुर्घटनाको जोखिम छ।

## २.६ प्राकृतिक स्रोत, वातावरण र जलवायु अवस्था

नगरपालिकाको हावापानी समशीतोष्ण प्रकारको छ। औसतमा २० देखि २६ डिग्री सेल्सियस तापक्रम रहने यस क्षेत्रमा गर्मीयाममा करिब ३३ डिग्री र जाडोयाममा करिब १० डिग्री सेल्सियससम्म पुग्ने गर्दछ। औसत वार्षिक वर्षा करिब १,७०० मिलिमिटर रहेको छ। प्रमुख नदीहरू बागमती र मनोहरा हुन् भने बासुकी, झरुवा, ढकाल, कागेश्वरी, महादेव लगायतका खोला तथा खहरे खोल्सीहरू रहेका छन्।

### २.६.१ वन तथा जैविक विविधता

आवधिक नगर विकास योजना अनुसार नगरपालिकाको कुल क्षेत्रको करिब १७.४७ प्रतिशत अर्थात् करिब ४.७८ वर्ग किलोमिटर भूमि वन-जङ्गलले ढाकेको छ। नगरपालिकाको उच्च भूभागमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज प्रमुख वन हो। डिभिजन वन कार्यालयको अभिलेख अनुसार २ धार्मिक वन (वडा १ को विराट नारायण र अगस्त्येश्वर ढुंगेलबन्धु देवाली मन्दिर क्षेत्र) र १५ सामुदायिक वन क्षेत्र —फिरफिरे वन, चखण्डोल, झुल्कोपाखा, पवित्र वन, कल्पवृक्ष, मकैचौर, लोकतान्त्रिक शहीद उद्यान, ईश्वरी, राजत, कपुरबासे, कल्छीकोट, बागधारा, चलनटार हरियाली र शहीद वनबाटिका रहेका छन्। यहाँ करिब २३ प्रकारका बहुमूल्य जडीबुटी पाइन्छन्।

### २.६.२ जलवायु परिवर्तन र विपद् जोखिम

जलवायु परिवर्तनको प्रभावले नगरपालिकाको विपद् जोखिम झन् बढाइरहेको छ। पछिल्ला वर्षहरूमा वर्षाको ढाँचामा अनियमितता, छोटो समयमा अति वर्षा र लामो सुख्खा अवधि बढ्दै गएको अनुभव गरिएको छ। तीव्र वर्षाले बाढी, डुबान र पहिरोको जोखिम बढाएको छ भने मुहान सुक्ने र खडेरीको समस्या बढ्दै गएको छ। तसर्थ यो पार्श्वचित्रले विपद् जोखिमलाई जलवायु अनुकूलन (climate adaptation) सँग जोडेर हेर्नुपर्ने आवश्यकतालाई जोड दिएको छ।

तालिका २.८ : जलवायु परिवर्तनको प्रवृत्ति र विपद्सँगको सम्बन्ध

| जलवायुजन्य प्रवृत्ति | नगरपालिकामा देखिएको असर |
|---|---|
| तीव्र/अनियमित वर्षा | छोटो समयमा बाढी, डुबान, खहरे उर्लने, पहिरो |
| लामो सुख्खा अवधि | मुहान/धारा सुक्ने, खानेपानी अभाव, खडेरी |
| तापक्रम वृद्धि | डेङ्गुजस्ता सरुवा रोग/महामारीको विस्तार |
| मौसमी अनिश्चितता | कृषि उत्पादनमा ह्रास, हावाहुरी/चट्याङ क्षति |

(स्रोत : आवधिक योजना २०८१; स्थलगत अवलोकन २०८३)

तीव्र सहरीकरण, खेतीयोग्य जमिनको खण्डीकरण, सिमसार क्षेत्रमा बस्ती विस्तार, अव्यवस्थित डोजर प्रयोग र नदी किनारमा घर निर्माणका कारण वातावरणीय सन्तुलन बिग्रँदै गएको छ, जसले विपद् जोखिमलाई थप बढाएको छ।




नक्सा २ : कगेश्वोरी मनोहरा नगरपालिकाको भू-उपयोग नक्सा

## भाग ३ : नगरपालिकाको विपद् इतिहास र विश्लेषण

कागेश्वरी मनोहरा नगरपालिका विपद् जोखिमको दृष्टिकोणले अत्यन्त संवेदनशील नगरपालिका हो। यस नगरपालिका हुँदै बग्ने मनोहरा, बागमती र महादेव खोलाले सबै वडामा जोखिम बढाएको पाइन्छ। वर्षेनी आउने बाढी, डुबान, नदी कटान, पहिरो, आगलागी, चट्याङ तथा हावाहुरीजस्ता विपद्ले कृषि, पशुधन, भौतिक संरचना र जनजीवनमा निरन्तर क्षति पुर्‍याउँदै आएको छ। यस भागमा वि.सं. २०७० सालयता घटेका मुख्य विपद् घटनाहरू वडा अनुसार छुट्याई तिनको विश्लेषणसहित प्रस्तुत गरिएको छ।

### ३.१ विगतका मुख्य विपद् घटनाहरू (वडा अनुसार)

कागेश्वरी मनोहरा नगरपालिकाका प्रत्येक वडामा घटेका प्रमुख विपद् घटनाहरूलाई तल वडागत रूपमा प्रस्तुत गरिएको छ।

तालिका ३.१ : वडागत प्रमुख विपद् घटनाहरू

| वडा | भूकम्प | बाढी/डुबान/कटान | पहिरो/भूक्षय | आगलागी | महामारी/अन्य |
|---|---|---|---|---|---|
| १ | २०७२ भूकम्प: ज्वालादेवी मन्दिर, राम मन्दिर, पुनारगाउँ गुठी घर क्षतिग्रस्त | घट्टे/माघे खोला, राजकुलोले कृषि जमिन डुबान/कटान | रुम्टा टारमा पहिरोले १ जनाको मृत्यु, पिपलडाँडा, सिमपाखामा घर पुरिएको | भाडाका टहरामा आगलागी; ग्यासका कारण १ जनाको मृत्यु | COVID-१९: १५ जनाको मृत्यु। मानव-वन्यजन्तु द्वन्द्व मुख्य गरि बँदेल, चितुवा र मृगले समस्या गर्दै आएको, सल्ला र मेलम्चीमा पानीका मुहान सुकेको |
| २ | २०७२ भूकम्प: सामान्य क्षति | महादेव/घट्टे खोला, बागमतीले कटान | काउरे गाउँ बाटोमा ठूलो पहिरो, महादेव खोला नजिक सडक भत्किएको | न्यून | COVID-१९ संक्रमण । हावाहुरीबाट क्षति |
| ३ | २०७२ भूकम्प: संरचना क्षति | बागमती फाँट सडकमा ढल अभावले डुबान | थापा डाँडा/मनटारमा पहिरो; १ घर विस्थापित | न्यून | COVID-१९: ३ जनाको मृत्यु। साउने मूल सडक धसिने सम्भावना, भद्रवास र एकता टोलमा पानीको मुहान सुकेको |

| वडा | भूकम्प | बाढी/डुबान/कटान | पहिरो/भूक्षय | आगलागी | महामारी/अन्य |
|---|---|---|---|---|---|
| ४ | २०७२ भूकम्प: संरचना क्षति | मनोहरा कटान; कोल्मतेश्वर–चाँगुनारायण सडक प्रभावित | भुतामपुर, फिरफिरे डाँडा, राना गाउँ डिल, प्रगति मार्गमा पहिरो | २०८२: गाई गोठ/फार्म हाउसमा आगलागी | COVID-१९ संक्रमण। सडक दुर्घटना: चक्रपथ/सिम्खडा |
| ५ | २०७२ भूकम्प: कल्छीकोट मन्दिर क्षतिग्रस्त | मनोहरा कटान, गथरकोट खहरेमा बस्ती डुबान | थली माछापोखरी, पाण्डे गाउँ, सापकोटा टोलमा बाटो चर्किएको | जलकाली मन्दिर नजिक सानो आगलागी | COVID-१९: १७ जनाको मृत्यु। नाइँमल धारा सुकेको |
| ६ | २०७२ भूकम्प: घर क्षति (अधिकांश पुनर्निर्माण) | मनोहराले सिर्जना टोलमा ४ घरका ६००–७०० हाँस बगाएको, गोठ भत्किएको, २ घरमा क्षति | अधिकारी टोलमा पहिरोले १ जनाको मृत्यु; नेपाल डाँडा, तिवारी टोल | घर/गोठ/पसलमा विद्युतीय सर्टबाट आगलागी | COVID-१९: ९ मृत्यु; डेङ्गु/मौसमी भाइरल। भूमिगत पानी निर्भरता |
| ७ | २०७२ भूकम्प: गीता मन्दिर क्षतिग्रस्त | मनोहरा कटानले करिब १०० घरधुरी प्रभावित; १ घर बगाएको | सोमतीर्थ देखि वडा ८ सिमाना सार्वजनिक जग्गामा बाटो भत्किएको | व्यक्तिगत घर/कारखानामा आगलागी | COVID-१९: ५८ मृत्यु । सडक पेटी अभाव, रानी धारासहित ७ वटा मुहान सुकेको |
| ८ | २०७२ भूकम्प: संरचना क्षति | मनोहरा/खहरेले करिब २०० घरधुरी प्रभावित, शिव चोकमा ५ मि. सडक कटान | राम मन्दिर-एयरपोर्ट सडक, रमाइलो डाँडामा भूक्षय | २०८२: किराना होलसेल/इलेक्ट्रोनिक गोदाममा आगलागी | COVID-१९: ७ मृत्यु। भूमि धसिएको (कोल्मतेश्वर/) |
| ९ | २०७२ भूकम्प: घर क्षति (सबै पुनर्निर्माण) | मनोहराले उज्ज्वल नगर/सनराइज/लाहुरे चोकमा करिब १६० घरधुरी प्रभावित | भृकुटी नगरमा पहिरो; सन् सिटीमा पाइप फुटी धसिएको | २०८०–२०८२: कृष्ण मन्दिर/खसीमोड/सन् सिटीमा आगलागी; ग्यासबाट २ जनाको मृत्यु | COVID-१९: ३७ मृत्यु। सडक दुर्घटना: मान्टार/खहरे/लाहुरे चोक |

(स्रोत : पार्श्वचित्र कार्यशाला २०८३, वडास्तरीय छलफल २०८३; स्थलगत अवलोकन २०८३)

## ३.२ वार्षिक विपद् क्षति विवरण

बाढी तथा नदी कटानले प्रत्येक वर्ष नगरपालिकाका तटीय वडाहरूमा घरधुरी, गोठ, पशुधन र कृषि जमिनमा क्षति पुऱ्याउँदै आएको छ। स्थलगत अवलोकन, वडागत छलफल वार्षिक प्रतिवेदनको आधारमा नदी तथा खोलाको कारण विभिन्न वडामा भएको घरधुरी प्रभावको अनुमानित विवरण निम्नानुसार छ।

तालिका ३.२ : बाढी/नदी कटानबाट वार्षिक प्रभावको अनुमानित विवरण

| वडा | प्रभावित घरधुरी (बाढी) | उल्लेख्य क्षति विवरण |
|---|---|---|
| १ | ४०–५० रोपनी कृषि जमिन | खहरे/राजकुलोले कृषि जमिन डुबान तथा कटान |
| ६ | ४+ घरधुरी | सिर्जना टोलमा ४ घरका करिब ६००–७०० हाँस बगाएको; गोठ भत्किएको, २ घरमा क्षति |
| ७ | करिब १०० घरधुरी | मनोहरा पुल वरिपरिका नदी किनारका बस्ती प्रभावित; १ घर बगाएको |
| ८ | करिब २०० घरधुरी | सिर्जना टोल, शिव चोकमा सडक कटान (~५ मि.); बस्ती डुबान |
| ९ | करिब १६० घरधुरी | उज्ज्वल नगर, सनराइज चोक, लाहुरे चोकमा वर्षेनी कटान/डुबान |

(स्रोतः वडागत छलफल २०८३)

***COVID*-१९ महामारीबाट वडागत मृत्यु**

COVID-१९ महामारीका कारण यस नगरपालिकामा जम्मा करिब १४६ जनाको मृत्यु भएको छ। वडागत मृत्यु विवरण निम्नानुसार रहेको छ, जसमा घना जनसंख्या भएका वडा ७ र ९ मा सबैभन्दा बढी क्षति देखिन्छ। तथ्याङ्कको अभावमा केही वडाको विवरण भने छुट्न गएको छ।

तालिका ३.३ : COVID-१९ बाट वडागत मृत्यु

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | १५ | तथ्याङ्क उपलब्ध नभएको | ३ | तथ्याङ्क उपलब्ध नभएको | १७ | ९ | ५८ | ७ | ३७ | १४६ |

(स्रोतः स्वास्थ्य मन्त्रालय, २०७९)

## ३.३ वडागत विपद् प्रवृत्ति

वडास्तरीय छलफल र क्षेत्रगत तथ्याङ्क विश्लेषणका आधारमा प्रत्येक वडाको प्रमुख विपद् प्रवृत्ति निम्नानुसार पहिचान गरिएको छ।

तालिका ३.४ : वडागत विपद् प्रवृत्ति

| वडा | प्रमुख विपद् प्रवृत्ति | संवेदनशील स्थान/टोल |
|---|---|---|
| १ | पहिरो/भूक्षय, आगलागी, वन्यजन्तु द्वन्द्व | रुम्टा, टार, पिपलडाँडा, सुबेदी गाउँ, गागल, घट्टे खोला |
| २ | पहिरो, स-साना खहरेले कटान | महादेव खोला आसपास, काउरे, फुयाल गाउँ |

| वडा | प्रमुख विपद् प्रवृत्ति | संवेदनशील स्थान/टोल |
|---|---|---|
| ३ | बाढी/डुबान (बागमती फाँट), पहिरो | थापा डाँडा, मनटार, बागमती फाँट सडक |
| ४ | बाढी/नदी कटान, पहिरो, सडक दुर्घटना | कोल्मतेश्वर, भुतामपुर, सिम्खडा गाउँ, माछापोखरी |
| ५ | बाढी, सडक दुर्घटना, खानेपानी सुख्खा | थली, हरियाली नगर, सापकोटा टोल, गथरकोट खहरे |
| ६ | बाढी (मनोहरा), पहिरो, महामारी | सिर्जना टोल, पासीखेल, मूलपानी, तिवारी टोल, नेपाल डाँडा |
| ७ | बाढी/नदी कटान, सडक दुर्घटना | मनोहरा किनार बस्ती, सोमतीर्थ, बोडे-जलिङ सडक |
| ८ | बाढी, पहिरो, आगलागी, सडक भासिने | सिर्जना टोल, शिव चोक, रमाइलो डाँडा, एयरपोर्ट सडक |
| ९ | बाढी (मनोहरा), आगलागी, सडक दुर्घटना | उज्ज्वल नगर, सनराइज चोक, लाहुरे चोक, सन् सिटी |

(स्रोत : पार्श्वचित्र कार्यशाला, २०८३)

## ३.४ विपदबाट भएको क्षतिको क्षेत्रगत विवरण

विगतका विपद् घटनाहरूको प्रकृति र पुनरावृत्तिका आधारमा यस नगरपालिकामा भएको क्षतिलाई निम्न क्षेत्रहरूमा वर्गीकरण गरिएको छ। वार्षिक रुपमा भएका क्षतिको एकीकृत अभिलेख प्रणाली अझै विकास हुन बाँकी रहेकाले तल गुणात्मक अनुमान प्रस्तुत गरिएको छ।

तालिका ३.५ : विपदबाट भएको क्षतिको क्षेत्रगत अनुमान

| क्षति क्षेत्र | वार्षिक क्षतिको अनुमानित प्रवृत्ति | मुख्य कारक विपद् |
|---|---|---|
| मानवीय क्षति | पहिरो/आगलागीबाट छिटफुट मृत्यु/घाइते; महामारीमा उच्च | पहिरो, आगलागी, महामारी |
| आवासीय/भौतिक | वर्षेनी दर्जनौं घरधुरी, गोठ, पर्खाल क्षतिग्रस्त | बाढी, नदी कटान, भूकम्प |
| कृषि तथा पशुधन | ४०-५० रोपनी कृषि जमिन, हाँसकुखुरा/पशुधन वर्षेनी क्षति | बाढी, डुबान, हावाहुरी |
| पूर्वाधार | कच्ची सडक, पुल, ढल, विद्युत् पोल/तार बारम्बार क्षति | बाढी, पहिरो, हावाहुरी |
| आर्थिक/व्यावसायिक | पसल/गोदाम/फर्ममा आगलागी तथा डुबानजन्य क्षति | आगलागी, बाढी |

# भाग ४ : प्रकोप पहिचान र वर्गीकरण

कागेश्वरी मनोहरा नगरपालिकामा घट्न सक्ने सम्पूर्ण प्रकोपहरूको पहिचान, वर्गीकरण र वडागत अवस्था विस्तृत रूपमा प्रस्तुत गरिएको छ, जसले नगरपालिकाको प्रकोप अवस्थालाई स्पष्ट रूपमा बुझ्न सघाउँछ। नगरपालिकाका प्रकोपहरूलाई प्राकृतिक र मानव-सिर्जित गरी दुई वर्गमा विभाजन गरिएको छ। प्राकृतिक प्रकोपमध्ये भूकम्प, बाढी, पहिरो र आगलागी र मानव-सिर्जित प्रकोपमा महामारी तथा सडक दुर्घटना प्रमुख छन्।

तालिका ४.१ : प्रकोपको वर्गीकरण, प्राथमिकता क्रम र मुख्य प्रभावित वडा

| वर्ग | प्रकोप | प्राथमिकता क्रम | मुख्य प्रभावित वडा |
|---|---|---|---|
| प्राकृतिक | भूकम्प | १ | सबै वडा (१-९) |
| | बाढी / डुबान / नदी कटान | २ | ३,४,५,६,७,८,९ |
| | पहिरो / भूक्षय | ३ | १,३,४,६,८ |
| | आगलागी | ४ | १,८,९ |
| | मानव-वन्यजन्तु द्वन्द्व | ५ | १ |
| | चट्याङ / हावाहुरी | ६ / ७ | १,२,९ |
| | खडेरी | – | ५,६,८,९ |
| मानव-सिर्जित | महामारी | १ | सबै (६-९ उच्च) |
| | सडक दुर्घटना | २ | ४,५,७,८,९ |

(स्रोतः पार्श्वचित्र कार्यशाला (२०८३), नगरपालिकाको DPRP २०७८, आवधिक नगर विकास योजना २०८१ र स्थलगत अवलोकन २०८३)

## ४.१ प्राकृतिक प्रकोपहरू

### ४.१.१ भूकम्प

कागेश्वरी मनोहरा नगरपालिका काठमाडौं उपत्यकाभित्र पर्ने हुनाले भूकम्पीय दृष्टिले उच्च जोखिममा रहेको छ। उपत्यका मुख्य हिमालयन भ्रंश (Main Himalayan Thrust) माथि अवस्थित भएकाले ठूला भूकम्पको सम्भावना सधैं रहन्छ। उपत्यकाको पुरानो ताल-तलछट (lacustrine deposit) माथिको माटोले भूकम्पीय कम्पनलाई बढाउने (amplification) हुनाले क्षति बढ्ने जोखिम हुन्छ। वि.सं. २०७२ सालको गोरखा भूकम्पले यस नगरपालिकाका सबै वडामा क्षति पुऱ्याएको थियो। उक्त ७.८ म्याग्निच्युडको भूकम्पबाट देशभर करिब ८,९७९ जनाको मृत्यु र लाखौं संरचनामा क्षति पुगेको थियो (स्रोतः विपद्पछिको आवश्यकता आकलन प्रतिवेदन-PDNA, राष्ट्रिय योजना आयोग, २०७२)।

तालिका ४.२ : यस क्षेत्रलाई प्रभाव पारेका प्रमुख भूकम्पहरू

| भूकम्प (साल) | रिक्टर | सन्दर्भ / असर |
|---|---|---|
| १९९० वि.सं. (१९३४) | ८.० | नेपाल-बिहार महाभूकम्प; उपत्यकामा व्यापक क्षति |
| २०४५ वि.सं. (१९८८) | ६.८ | उदयपुर भूकम्प; उपत्यकामा मध्यम कम्पन |
| २०७२ वैशाख १२ (२०१५) | ७.८ | गोरखा भूकम्प; लगभग सबै वडामा घर/सम्पदा क्षति |
| २०७२ वैशाख २९ | ७.३ | ठूलो परकम्प; थप संरचना क्षति |

२०७२ को भूकम्पले क्षति पुऱ्याएका र हाल सम्म जीर्ण अवस्थामा रहेका संरचनाहरूको वडागत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३ : भूकम्पबाट क्षतिग्रस्त/जीर्ण संरचना

| वडा | भूकम्पबाट जीर्ण/क्षतिग्रस्त संरचना |
|---|---|
| १ | ज्वालादेवी मन्दिर, राम मन्दिर, पुनारगाउँ गुठी घर |
| २,३,४ | जीर्ण संरचना छैन (पुनर्निर्माण सम्पन्न) |
| ५ | कल्छीकोट मन्दिर |
| ६ | भूकम्पमा परेका घर भत्काइसकेका र नयाँ घर बनिसकेका |
| ७ | गीता मन्दिर |
| ८ | उल्लेख्य जीर्ण संरचना छैन (पुनर्निर्माण सम्पन्न) |
| ९ | सबै पुनर्निर्माण भइसकेको |

(स्रोत : पार्श्वचित्र कार्यशाला २०८३)

तीव्र र अव्यवस्थित सहरीकरण, भवन संहिताको कमजोर पालना, घना बस्ती र साँघुरा गल्लीका कारण भूकम्पीय जोखिम अझ बढेको छ। घना जनसंख्या भएका वडा ६, ७, ८ र ९ मा भूकम्पको सम्भावित प्रभाव सबैभन्दा बढी हुन सक्छ।

## भूकम्पीय जोखिम तथा संवेदनशील क्षेत्र




नक्सा ३ : भूकम्पीय जोखिम संवेदनशीलता नक्सा

### ४.१.२ बाढी, डुबान र नदी कटान

बाढी, डुबान र नदी कटान यस नगरपालिकाको मुख्य प्रकोप हो। मनोहरा र बागमती नदी तथा महादेव खोला, घट्टे खोला, माघे खोला, ठलाठिक खहरे र विभिन्न खहरे खोलाहरूका कारण वर्षातमा समथल भू-भाग डुबानमा पर्ने, सडकमा भेल बग्ने, घरमा पानी छिर्ने, बाली नष्ट हुने र नदी कटानले घरगोठ भत्किने समस्या रहेको छ। नयाँ प्लटिङमा घर निर्माण भई माथिल्ला भागमा पहिरो र तल्ला भागमा डुबानको जोखिम देखिएको छ। बाढी/डुबान/कटानको वडागत विस्तृत विवरण तालिका ४.४ मा प्रस्तुत गरिएको छ।

तालिका ४.४ : बाढी/डुबान/नदी कटान वडागत विवरण

| वडा | बाढी/डुबान/नदी कटानको विस्तृत विवरण |
|---|---|
| १ | महादेव खोला/कागेश्वरी झरनामा कटान; घट्टे खोला, भैरवथान मुनिको खहरे, ठलाठिक खहरे, माघे खोला, राजकुलो (पल्तली) ले डुबान/कटान; पहाडी भागमा पहिरो; पुनारगाउँ माघे खोलाले कटान |
| २ | नयाँ गाउँ, सिम्खडा गाउँमा बागमती र ब्रह्मखेल महादेव खोला तथा मनोहरा खोलाले बढी कटान, बागमती र महादेव खोला करिडोर |
| ३ | बागमती फाँटको सडकमा ढलको अभावले डुबान |
| ४ | मनोहरा खोलाबाट वर्षेनी कटान, कोल्मतेश्वर सडक र चाँगुनारायण सडक मनोहरा खोलाले प्रभावित |
| ५ | मनोहरा नदीले कटान, नयाँ प्लटिङको माथिल्लो भागमा पहिरो जोखिम, गथरकोट खहरेमा बस्ती बसेको |
| ६ | मूलपानीको मनोहरा खोला, तिवारी टोलको खहरे, सिर्जना टोल, पासीखेल, अग्रगमन टोल, नागेली टोलमा वर्षेनी क्षति, मनोहराले ५०० मि.–१ कि.मी.सम्म प्रभाव |
| ७ | मनोहरा नदी कटानले नदी किनारका बस्ती जोखिममा; मनोहरा पुल (बोडे-बाबाचोक रोड) पश्चिम ४-५ घर, पूर्व १ घर बगाएको; बोडे–जलिङ सडकमा डुबान |
| ८ | सिमडोल रोडमा झर्ने पानी र खहरेले बस्ती डुबान; सिर्जना टोलमा खहरे खोलाको उच्च चापले डुबान; शिव चोकमा ५ मि. सडक कटान |
| ९ | राजर देखि खहरे मनोहरा, उज्ज्वल नगर, सनराइज चोक, प्रहरी चौकी क्षेत्र, लाहुरे चोक मनोहरा नदीले हरेक वर्ष कटान/डुबान |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८३)

वर्षातमा सडकमा पानी जम्ने तथा आवतजावत कठिन हुने स्थानहरू वडा १ देखि ९ सम्म नै रहेका छन्। मुख्य समस्याग्रस्त स्थानहरू तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.५ : वर्षातमा सडक डुबान हुने स्थान

| वडा | वर्षातमा पानी जम्ने / आवतजावत कठिन हुने स्थान |
|---|---|
| १ | राम जानकी मन्दिर जाने बाटो (भिम मन सिंहको घर निरको पुल डुबान),<br>श्री भैरवस्थान मुनिको खहरे |
| २ | ढल ओभरफ्लोले बस्ती क्षेत्रहरु |
| ३ | ढल ओभरफ्लो बस्ती क्षेत्रहरु |
| ४ | ढल ओभरफ्लो बस्ती क्षेत्रहरु |
| ५ | हरियाली नगर मेन बाटो (पानी पर्दा पहिरो/बालुवा), थली सगुन टोल |
| ६ | पैयुबोट मार्गको केही भाग |
| ७ | बोडे-जलिङ सडक, मूलपानी पिपलबोट-मनोहरा पुल सडक र विभिन्न स्थानमा ढल ओभरफ्लो |
| ८ | सिर्जना टोलमा खहरे खोलाले बाटो डुबान |
| ९ | सनराइज चोक-सन् सिटी-लाहुरे चोक, उज्ज्वल नगर (हरेक वर्ष) |

(स्रोत : सर्वेक्षण २०८३)

सिमसार क्षेत्रमा बस्ती विस्तार पनि बाढी/डुबान जोखिमको कारक बनेको छ। वडा १ को गागलमा पाखा/वन घडेरीमा परिणत भई सिमसार घटेको, सुबेदी गाउँ, ठुलाठिक, भद्रवास, आलापोट, लाकिला क्षेत्र, वडा ४ को ब्रह्मखेल ढुंगेधारा माथि साउने पधेरो, वडा ५ को थली गथरकोट खहरे र वडा ६ को भूलको फाँटका सिमसार ( पानी जम्ने स्थान) मा घर निर्माण हुँदै आएको छ। समग्र नगरपालिकाको बाढीको जोखिम नक्सा ४ मा प्रस्तुत गरिएको छ।

बाढी जोखिम नक्सा




**नक्सा ४ : कागेश्वरी मनोहरा न.पा.मा बाढी जोखिम क्षेत्र नक्सा**

### ४.१.३ पहिरो र भूक्षय

नगरपालिकाको उत्तरी पहाडी भाग र अग्ला पाखाहरूमा डोजरको अव्यवस्थित प्रयोग र बस्ती विकासका कारण पहिरो र भूक्षयको जोखिम बढ्दै गएको छ। पहिरो/भूक्षय जोखिमयुक्त स्थानहरूको वडागत विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ।

तालिका ४.६ : पहिरो/भूक्षय जोखिमयुक्त स्थान

| वडा | पहिरो/भूक्षय जोखिमयुक्त स्थान |
|---|---|
| १ | सुरेश/सुमन/देवेन्द्र खड्काको घर पछाडि, पिपलडाँडा, गागल सडक कुलो, पुनारगाउँ |
| २ | काउरे गाउँको बाटोमा ठूलो पहिरो; आलापोट जरिबुट्टे, कौरे, महादेव खोला नजिक |
| ३ | थापा डाँडा, मनटार |
| ४ | भुतामपुर, जसपुर नयाँ गाउँ, फिरफिरे डाँडा, राना गाउँ डिल, माछापोखरी, कोल्मतेश्वर, प्रगति मार्ग, ओमादोल |
| ५ | थली माछापोखरी, पाण्डे गाउँ भित्री बाटो र मुख्य सडक; सापकोटा टोल |
| ६ | नेपाल डाँडा, बखनडोल वन माथि, तिवारी टोल, फुयाल डाँडा, दाहाल/अधिकारी गाउँ, डुमाखाल |
| ७ | सोमतीर्थ मन्दिरदेखि वडा ८ सिमाना सार्वजनिक जग्गा |
| ८ | राम मन्दिर–एयरपोर्ट मूल सडक, रमाइलो डाँडा, वीरभद्र सामुदायिक भवन क्षेत्र |
| ९ | भृकुटी नगर क्षेत्र |

(स्रोत :स्थलगत अवलोकन र पार्श्वचित्र कार्यशाला २०८३)

पहिरो जोखिम भएका क्षेत्रमा समेत सडक निर्माण भइरहेकाले जोखिम थप बढेको छ। वडा १ को गागलफेदी सडक/कागेश्वरी मन्दिर बाटो, वडा ४ को कोल्मतेश्वर प्रगति मार्ग, वडा ६ को डुमाखाल/नेपाल डाँडा सडक र वडा ८ को एयरपोर्ट मूल सडक मुख्य रहेका छन्। भूक्षयले मनोहरा तटीय क्षेत्रमा करिब ४०–५० रोपनी कृषि जमिनमा वर्षेनी क्षति पुऱ्याउने गरेको छ।

### ४.१.४ आगलागी

बढ्दो सहरीकरण, घना बस्ती, विद्युतीय सर्ट, अव्यवस्थित तार, ग्यास (भान्छामा) र काठ उद्योगका कारण आगलागीको जोखिम बढ्दै गएको छ। आगलागीको मुख्य कारण विद्युतीय सर्ट र लापरबाही रहेको छ। पछिल्ला ५ वर्षमा आगलागी घटना, कारण र नियन्त्रणमा बाधाको विवरण तालिका ४.७ मा प्रस्तुत गरिएको छ।

तालिका ४.७ : आगलागी घटना, कारण र घटना भएका ठाउँहरु र नियन्त्रणमा बाधा

| वडा | आगलागी घटना / कारण | घटना भएको ठाउँहरु | नियन्त्रणमा बाधा |
|---|---|---|---|
| १ | भाडामा बस्ने टहरा, ग्यास भान्छा, काठ फर्निचरबाट | पिपलडाँडा, पुवार गाउँ, अधिकारी गाउँ, सुबेदी गाउँ | बाटो साँघुरो, उपकरणको अभाव |
| ४ | २०८२ मा गाई गोठ र फार्म हाउसमा | नयाँ गाउँ भित्री सडक, प्रेम थापाको घर एरिया, सुन्दरी मार्ग | अग्नि नियन्त्रण उपकरणको अभाव |
| ५ | सानो ताली जलकाली मन्दिर नजिक | पाण्डे गाउँ, सगुन टोल | अग्नि नियन्त्रण उपकरणको अभाव |
| ६ | घर/गोठ/पसलमा विद्युतीय सर्किट/तारको लापरबाही | वडाका बिजुलीका पोल भएका क्षेत्रहरुमा | अग्नि नियन्त्रण उपकरणको अभाव |
| ७ | व्यक्तिगत घर र कारखानामा (करिब ४ वर्ष आगलागी) | वडा कार्यालय नजिक | अग्नि नियन्त्रण उपकरणको अभाव |
| ८ | २०८२ मा किराना होलसेल पसल र इलेक्ट्रोनिक गोदाममा (विद्युतीय सर्ट) | आदर्श टोल, वीरभद्र सडक, चारघर टोल; सिमडोल/चारघर | टोलमा पानी अभाव, |
| ९ | विद्युतीय सर्ट | कृष्ण मन्दिर, खसीमोड, सन् सिटीमा | साँघुरा गल्ली, पानीको अभाव |

(स्रोत : वडागत छलफल र स्थलगत अवलोकन, २०८३)

घना बस्तीका साँघुरा गल्लीमा दमकल पुग्न नसक्ने (वडा १, ४, ५, ८, ९) र खानेपानी पाइपलाइनको अभावले आगलागीको समयमा पानी अभाव हुने (प्रायः सबै वडा, विशेषतः ६, ८, ९) कारण नियन्त्रण चुनौतीपूर्ण छ। काठ उद्योगबाट वर्षेनी हुने आगलागी समस्या न्यूनीकरण गर्न विशेष ध्यान आवश्यक छ। नगरपालिकामा १ मात्र अग्नि नियन्त्रक यन्त्र उपलब्ध छ। नगरपालिकामा दमकल नजाने ठाउँहरु तल नक्सामा प्रस्तुत गरिएको छ ।




नक्सा ५: कागेश्वोरी मनोहरा नगरपालिकामा दमकल पुग्न कठिन हुने साघुरा गल्लीहरु

## ४.१.५ चट्याङ र हावाहुरी

हावाहुरी र चट्याङले समय-समयमा विद्युतीय तार चुँडिने, पोल ढल्ने, घरका जस्ता छाना उड्ने तथा व्यावसायिक कृषि र पशुपालन घरहरूमा क्षति पुऱ्याउने गरेको छ। नगरपालिकाका सबै वडामा सामान्य क्षति हुने गरेको छ। खुला फाँट क्षेत्र भएका वडाहरूमा चट्याङको जोखिम अपेक्षाकृत बढी हुन्छ। जलवायु परिवर्तनसँगै यस्ता घटनाको आवृत्ति बढ्न सक्ने भएकाले सतर्कता अपनाउन आवश्यक छ।

## ४.१.६ खडेरी (खानेपानी अभाव)

जलवायु परिवर्तन, मुहान सुक्दै जानु र भूमिगत पानीमा बढ्दो निर्भरताका कारण सुख्खायाममा खानेपानीको समस्या देखिन थालेको छ। वडा ५ को थली नाइँमल धारो, वडा ८ को काउडोल धारा र वडा ९ मा पानीको मुहान सुकेका छन्। वडा ६ मा भूमिगत पानी मात्र भएकाले विद्युत् जडान गरी मोटरमार्फत पानी तान्नुपर्ने अवस्था छ। गोठाटार र मूलपानी क्षेत्रमा खानेपानीको समस्या रहेको छ।

## ४.२ मानव-सिर्जित प्रकोपहरू

### ४.२.१ महामारी (COVID-१९ र अन्य)

महामारी यस नगरपालिकाको प्रमुख जैविक प्रकोप हो। COVID-१९ महामारीले सबै वडामा संक्रमण फैलाएको र करिब १४६ जनाको मृत्यु भएको थियो। COVID-१९ सँगै डेङ्गु लगायत अन्य महामारी रहेका छन्, जसलाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.८: मानव सिर्जित महामारी/सरुवा रोगका प्रकोपहरु

| महामारी/सरुवा रोग | प्रकृति र जोखिम |
|---|---|
| COVID-१९ | सबै वडामा संक्रमण |
| डेङ्गु | सबै वडामा जोखिमःतीव्र सहरीकरण/तापसँगै बढ्दो |
| झाडापखाला | दूषित खानेपानी/सरसफाइ अभावले वर्षायाममा जोखिम |
| मौसमी भाइरल/रुघाखोकी | जाडो/मौसमी; घना बस्तीमा छिटो फैलिने |
| टाइफाइड/पानीजन्य रोग | दूषित पानी/खाद्यका कारण; खानेपानी सुरक्षा आवश्यक |
| पशु महामारी (बर्ड फ्लु आदि) | कुखुरा/पशु फर्ममा सम्भावित; आर्थिक क्षति |

(स्रोत: स्थलगत छलफल २०८३)

### ४.२.२ मानव-वन्यजन्तु द्वन्द्व

नगरपालिकाको वडा नं. १ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग जोडिएको हुनाले बेला-बेलामा मानव-वन्यजन्तु द्वन्द्वका घटना हुन्छन्। बँदेल, चितुवा र मृगजस्ता वन्यजन्तुले अन्नबाली खाइदिने, बाख्रा/पशुधन मार्ने समस्या प्रत्येक वर्ष देखिन्छ।

### ४.२.३ सडक दुर्घटना

सडक पेटीको अभाव, साँघुरा/कच्ची सडक, चालकमा ट्राफिक ज्ञानको कमी र मुख्य सडक (साँखु–जोरपाटी) मा बढ्दो सवारी चापका कारण सडक दुर्घटनाको जोखिम बढ्दै गएको छ। वडागत प्रमुख जोखिमयुक्त स्थानहरू तालिका ४.९ मा प्रस्तुत गरिएको छ।

तालिका ४.९ : सडक दुर्घटना जोखिमयुक्त स्थान

| वडा | सडक दुर्घटना जोखिमयुक्त स्थान |
|---|---|
| १ | गागल सडक, नरमखेल–गागल सडक, पत्तली–लकिला सडक, पुवार गाउँ, अधिकारी गाउँ सडक |
| २ | आलापोट, फुयाल गाउँ सडक |
| ३ | भद्रवास क्षेत्र |
| ४ | सिम्खडा गाउँ, नयाँ गाउँ सडक, कगेश्वरी चक्रपथ–गागल सडक |

| वडा | सडक दुर्घटना जोखिमयुक्त स्थान |
|---|---|
| ५ | हरियाली नगर, थली तिनपिप्ले उकालो, थली चोक मुख्य सडक, सहिदवन बाटिका उकालो |
| ६ | मूलपानी खहरे, तिवारी टोल, मूलपानी चौर |
| ७ | सडक पेटी नभएकाले प्रायः सबै सडक जोखिममा |
| ८ | शिव चोक, बागमती पहेंलो पुल, मदन आश्रित मोड |
| ९ | मान्टार चोक, बिरेन्द्र चोक, खहरे चोक, सन् सिटी चोक, लाहुरे चोक |

(स्रोत : पार्श्वचित्र कार्यशाला, २०८३)

### ४.२.४ अन्य मानव-सिर्जित जोखिम

नगरपालिकाका अन्य मानव-सिर्जित जोखिमहरूमा ढल निकास नभएका सडक, जीर्ण/ठूला रूख ढल्ने जोखिम, भूमिगत ढल/पाइप फुटी जमिन धसिने जोखिम र अव्यवस्थित विद्युत् पोल/तार पर्दछन्। तालिका ४.१० मा नगरपालिकामा रहेका अन्य मानव-सिर्जित जोखिमहरू प्रस्तुत गरिएको छ ।

तालिका ४.१० : अन्य मानव-सिर्जित जोखिम

| जोखिमको प्रकार | प्रभावित वडा र विवरण |
|---|---|
| ढल/निकास नभएका सडक | वडा १ (पत्ताली–लोकिला, गागलफेदी, नयाँमखेल, कृषि सडक), वडा ५ (काने पोखरी), वडा ६ (साना गल्ली), वडा ८ (सिमडोल टोल), वडा ९ (रत्नलक्ष्मी क्षेत्र) |
| जीर्ण/ठूला रूख ढल्ने | वडा ३ र ४ (सत्यटार उकालो रूख/बाँसघारी), वडा ५ (थली चौर/चोकका पिपल — हाँगा काट्नुपर्ने), वडा ८ (एयरपोर्ट सडकको रूख ले गर्दा तल्लो क्षेत्रका बस्ती जोखिममा) |
| भूमिगत ढल/पाइप फुटी जमिन दब्ने | वडा ३ (साउने मूल, वडा कार्यालय अगाडि), वडा ४, ६ (कोल्मतेश्वर, मुलपानी क्रिकेट मैदान), वडा ९ (सन् सिटी, प्रहरी चौकी क्षेत्र, मनोहरा नमुना मार्ग, गान्धी मोड) |
| विद्युत् पोल/तार जोखिमपूर्ण | सबै वडाका सडकमा अव्यवस्थित पोल/तार (तार लत्रेर घटना भएको), वडा ८ उच्च, वडा ९ का प्राय सबै क्षेत्र र वडा ७ टेलिकम/नेट तार जीर्ण |

(स्रोत : पार्श्वचित्र कार्यशाला २०८३)

# भाग ५ : जोखिम विश्लेषण

कागेश्वरी मनोहरा नगरपालिकाको विपद् जोखिम विश्लेषण अन्तर्राष्ट्रिय रूपमा प्रचलित अवधारणा, नेपाल सरकारको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा दिग्दर्शनको ढाँचा, वडास्तरीय सहभागितामूलक छलफल (२०८३) र स्थलगत अवलोकन (२०८३) का आधारमा गरिएको हो।

## ५.१ जोखिम विश्लेषणको अवधारणा र सूत्र

विपद् जोखिम (Disaster Risk) कुनै एक तत्त्वले मात्र निर्धारण गर्दैन। यो विपद्को सम्भावना, सम्मुखता, संकटासन्नता र सामना गर्ने क्षमताको अन्तरक्रियाको परिणाम हो। अन्तर्राष्ट्रिय रूपमा प्रचलित अवधारणा अनुसार जोखिमलाई निम्न सूत्रद्वारा निकाल्न सकिन्छ:

**जोखिम (R) = [ प्रकोप (H) * सम्मुखता (E) *संकटासन्नता (V) ] /क्षमता (C)**

यस सूत्र अनुसार प्रकोपको सम्भावना, सम्मुखतामा रहेको जनधन र संकटासन्नता जति बढी हुन्छ जोखिम त्यति नै बढ्छ र यदि सामना गर्ने क्षमता (पूर्वतयारी, संस्थागत संयन्त्र, स्रोत-साधन) जति बढी हुन्छ जोखिम त्यति नै घट्छ। यसका चार आधारभूत घटकहरूको अर्थ तल तालिकामा स्पष्ट पारिएको छ।

तालिका ५.१ : विपद् जोखिमका आधारभूत घटकहरू

| घटक | अर्थ | यस नगरपालिकामा उदाहरण |
|---|---|---|
| प्रकोप (Hazard) | क्षति पुऱ्याउन सक्ने प्राकृतिक/मानव-सिर्जित घटना | भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी |
| सम्मुखता (Exposure) | प्रकोप क्षेत्रमा रहेका जनसंख्या, घरधुरी र संरचना | नदी किनारका बस्ती, घना सहरी वडा (६-९) |
| संकटासन्नता (Vulnerability) | प्रभावित हुने सम्भावना बढाउने अवस्था | कच्ची घर, साँघुरा गल्ली, बालबालिका/ज्येष्ठ नागरिक, गरिबी |
| क्षमता (Capacity) | सामना/प्रतिकार्य गर्ने स्रोत र संयन्त्र | विपद् समिति, रेडक्रस, दमकल, एम्बुलेन्स, तालिम |

## ५.२ मापन तथा स्तर निर्धारणको आधार

जोखिमलाई वस्तुनिष्ठ रूपमा तुलना गर्न दुई आयाम प्रकोपको सम्भावना/आवृत्ति र सम्भावित प्रभाव/तीव्रता लाई १ देखि ५ सम्मको स्केलमा मापन गरियो। यी दुई आयामका मापदण्ड तल प्रस्तुत गरिएको छ।

### (क) प्रकोप सम्भावना / आवृत्ति स्केल

तालिका ५.२ : प्रकोप सम्भावना/आवृत्ति मापन स्केल

| अङ्क | स्तर | मापदण्ड (कति बारम्बार घट्छ) |
|---|---|---|
| १ | धेरै न्यून | १० वर्षभन्दा बढीमा एकपटक घट्न सक्ने / विरलै |

| अङ्क | स्तर | मापदण्ड (कति बारम्बार घट्छ) |
|---|---|---|
| २ | न्यून | ५–१० वर्षमा एकपटक घट्न सक्ने |
| ३ | मध्यम | २–५ वर्षमा एकपटक घट्ने |
| ४ | उच्च | झन्डै हरेक वर्ष घट्ने |
| ५ | धेरै उच्च | हरेक वर्ष / वर्षमा धेरै पटक घट्ने |

**(ख) सम्भावित प्रभाव / तीव्रता स्केल**

तालिका ५.३ : सम्भावित प्रभाव/तीव्रता मापन स्केल

| अङ्क | स्तर | मापदण्ड (क्षतिको आकार) |
|---|---|---|
| १ | नगण्य | सानो क्षति; जनधनमा उल्लेख्य असर नहुने |
| २ | सामान्य | सीमित घरधुरी/संरचनामा सानो क्षति |
| ३ | मध्यम | धेरै घरधुरी/कृषि/पूर्वाधारमा क्षति; अस्थायी विस्थापन |
| ४ | गम्भीर | ठूलो भौतिक/आर्थिक क्षति; घाइते/विस्थापन |
| ५ | विनाशकारी | ठूलो जनधनको क्षति; व्यापक प्रभाव (जस्तै भूकम्प) |

**(ग) जोखिम स्तर निर्धारण म्याट्रिक्स (सम्भावना र प्रभाव)**

सम्भावना र प्रभावको अङ्कलाई तलको ५*५ म्याट्रिक्समा राखेर जोखिम स्तर (उच्च/मध्यम/न्यून) निर्धारण गरिन्छ। म्याट्रिक्समा हरियोले न्यून, पहेँलोले मध्यम र सुन्तला/रातोले उच्च जोखिम जनाउँछ। सामान्यतया नियममा दुवै अङ्कको गुणनफल ≤ ६ भए न्यून, ८-१२ भए मध्यम र > १२ भए उच्च जोखिम मानिन्छ। भूकम्प जस्ता विनाशकारी प्रभाव ( प्रभाव अङ्क ५) भएका प्रकोपलाई सम्भावना कम भए पनि सावधानीवश उच्च प्राथमिकतामा राखिन्छ।

तालिका ५.४ : जोखिम स्तर निर्धारण म्याट्रिक्स (Probability × Impact Matrix)

| जोखिम = सम्भावना/ प्रभाव | प्रभाव १ | प्रभाव २ | प्रभाव ३ | प्रभाव ४ | प्रभाव ५ |
|---|---|---|---|---|---|
| सम्भावना ५ | न्यून | मध्यम | उच्च | उच्च | उच्च |
| सम्भावना ४ | न्यून | मध्यम | मध्यम | उच्च | उच्च |
| सम्भावना ३ | न्यून | न्यून | मध्यम | मध्यम | उच्च |
| सम्भावना २ | न्यून | न्यून | न्यून | मध्यम | मध्यम |
| सम्भावना १ | न्यून | न्यून | न्यून | न्यून | न्यून |

### (घ) संकटासन्नता स्तर निर्धारणका आधार

वडाको समग्र संकटासन्नता (Vulnerability) निर्धारण गर्दा बस्तीको घनत्व र सम्मुखता, बहु-प्रकोपको उपस्थिति, संरचनाको अवस्था (कच्ची घर/साँघुरा गल्ली), संवेदनशील समूह (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता), र क्षमताको अभाव जस्ता सूचकहरू हेरिएको छ।

## ५.३ प्रकोपगत सम्भावना, प्रभाव र जोखिम स्तर

माथिका मापदण्ड प्रयोग गरी नगरपालिकाका प्रमुख प्रकोपहरूको सम्भावना र प्रभाव अङ्कन गरी समग्र जोखिम स्तर निर्धारण गरिएको छ। यो अङ्कन विगतका घटना (भाग ३), र वडास्तरीय छलफलमा आधारित छ।

तालिका ५.५ : प्रकोपगत सम्भावना-प्रभाव अङ्कन र जोखिम स्तर।

| प्रकोप | सम्भावना (१–५) | प्रभाव (१–५) | गुणनफल | जोखिम स्तर | मुख्य आधार |
|---|---|---|---|---|---|
| बाढी/डुबान/कटान | ५ | ४ | २० | उच्च | मनोहरा/बागमतीले वर्षेनी ६–९ वडामा क्षति |
| आगलागी | ४ | ३ | १२ | मध्यम–उच्च | घना बस्ती; २०८०–८२ मा बारम्बार घटना |
| पहिरो/भूक्षय | ४ | ३ | १२ | मध्यम–उच्च | पहाडी पाखा; मृत्युसमेत भएको |
| भूकम्प | २ | ५ | १० | उच्च* | विनाशकारी सम्भावना; उपत्यका उच्च जोखिम |
| महामारी | ४ | ४ | १६ | उच्च | COVID-१९ बाट १४६ मृत्यु; घना बस्ती |
| सडक दुर्घटना | ४ | २ | ८ | मध्यम | मुख्य सडक चाप; पेटी अभाव |
| वन्यजन्तु द्वन्द्व | ३ | २ | ६ | न्यून–मध्यम | वडा १ मा मात्र (निकुञ्ज नजिक) |
| चटयाङ/हावाहुरी | २ | २ | ४ | न्यून | छिटफुट; तार/छाना क्षति |
| खडेरी | ३ | २ | ६ | न्यून–मध्यम | मुहान सुक्ने; सुख्खायाम पानी अभाव |

नोटः भूकम्प : सम्भावना कम भए पनि विनाशकारी प्रभावका कारण उच्च प्राथमिकतामा राखिएको छ।

## ५.४ वडागत प्रकोप जोखिम म्याट्रिक्स

उपरोक्त विधि र मापदण्ड प्रत्येक वडामा लागू गरी तयार पारिएको वडागत प्रकोप जोखिम म्याट्रिक्स तल प्रस्तुत गरिएको छ। यो म्याट्रिक्समा सुन्तला रङले उच्च, पहेंलोले मध्यम र हरियोले न्यून जोखिम जनाउँछ।

तालिका ५.६ : वडागत प्रकोप जोखिम स्तर म्याट्रिक्स (उच्च=सुन्तला, मध्यम=पहेँलो, न्यून=हरियो)

| वडा | भूकम्प | बाढी/डुबान | पहिरो | आगलागी | हावा/चट्याङ | खडेरी | महामारी | सडक दु. | वन्यजन्तु |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उच्च | न्यून | उच्च | उच्च | मध्यम | न्यून | मध्यम | मध्यम | उच्च |
| २ | उच्च | मध्यम | मध्यम | न्यून | मध्यम | न्यून | मध्यम | मध्यम | न्यून |
| ३ | उच्च | उच्च | उच्च | न्यून | न्यून | न्यून | उच्च | न्यून | न्यून |
| ४ | उच्च | उच्च | उच्च | मध्यम | न्यून | मध्यम | उच्च | उच्च | न्यून |
| ५ | उच्च | उच्च | मध्यम | मध्यम | न्यून | उच्च | उच्च | उच्च | न्यून |
| ६ | उच्च | उच्च | मध्यम | मध्यम | न्यून | उच्च | उच्च | उच्च | न्यून |
| ७ | उच्च | उच्च | न्यून | मध्यम | न्यून | मध्यम | उच्च | उच्च | न्यून |
| ८ | उच्च | उच्च | उच्च | उच्च | न्यून | मध्यम | उच्च | उच्च | न्यून |
| ९ | उच्च | उच्च | मध्यम | उच्च | न्यून | उच्च | उच्च | उच्च | न्यून |

भूकम्प सम्पूर्ण नगरपालिकाका लागि उच्च जोखिमको प्रकोप हो (काठमाडौं उपत्यकाभित्र पर्ने हुनाले)। बाढी/डुबान वडा ३ देखि ९ सम्म उच्च छ। पहिरो वडा १, ३, ४ र ८ मा उच्च छ। आगलागी घना सहरी वडा ८ र ९ मा उच्च छ। महामारीको जोखिम घना बस्ती भएका दक्षिणी वडाहरूमा उच्च छ भने वन्यजन्तु द्वन्द्व वडा १ मा मात्र उच्च छ।

## ५.५ वडागत समग्र जोखिम सारांश

वडागत समग्र जोखिम/संकटासन्नता सारांश तल तालिका ५.७ मा प्रस्तुत गरिएको छ।

तालिका ५.७ : वडागत समग्र जोखिम/संकटासन्नता सारांश

| वडा | समग्र संकटासन्नता | उच्च जोखिमका प्रकोपहरू |
|---|---|---|
| १ | **उच्च** | भूकम्प, पहिरो, आगलागी, वन्यजन्तु |
| २ | **न्यून** | भूकम्प |
| ३ | **मध्यम** | भूकम्प, बाढी/डुबान, पहिरो, महामारी |
| ४ | **मध्यम** | भूकम्प, बाढी/डुबान, पहिरो, महामारी, सडक दुर्घटना |
| ५ | **उच्च** | भूकम्प, बाढी/डुबान, खडेरी, महामारी, सडक दुर्घटना |
| ६ | **उच्च** | भूकम्प, बाढी/डुबान, खडेरी, महामारी, सडक दुर्घटना |
| ७ | **उच्च** | भूकम्प, बाढी/डुबान, महामारी, सडक दुर्घटना |
| ८ | **उच्च** | भूकम्प, बाढी/डुबान, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना |
| ९ | **उच्च** | भूकम्प, बाढी/डुबान, आगलागी, खडेरी, महामारी, सडक दुर्घटना |

## भाग ६ : संकटासन्नता र क्षमता विश्लेषण

संकटासन्नता (Vulnerability)ले कुनै समुदाय वा संरचना विपदबाट प्रभावित हुने सम्भावनालाई र क्षमता (Capacity) ले विपद्को सामना गर्न उपलब्ध स्रोत-साधन, संस्थागत संयन्त्र र दक्ष जनशक्ति जनाउँछ। विपद जोखिम न्यूनीकरणका लागि संकटासन्नता घटाउने र क्षमता बढाउने दुवै कार्य आवश्यक हुन्छ।

### ६.१ वडागत संकटासन्नता तालिका

नगरपालिकाका प्रत्येक वडालाई न्यून, मध्यम र उच्च गरी संकटासन्नता वर्गमा वर्गीकरण गरेको छ। यो वर्गीकरण बस्तीको घनत्व, बहु-प्रकोपको उपस्थिति, संरचनाको अवस्था, संवेदनशील समूह र क्षमताको अभावका आधारमा गरिएको हो।

तालिका ६.१ : वडागत संकटासन्नता विवरण

| वडा | समग्र स्तर | संवेदनशील समूह/संरचना/क्षेत्र | प्रमुख जोखिम कारक |
|---|---|---|---|
| १ | उच्च | पहाडी बस्ती र वाटो, ज्येष्ठ नागरिक | पहिरो, आगलागी, वन्यजन्तु, साँघुरा गल्ली (बाटो) |
| २ | न्यून | खोला किनारका केही घर | स-साना पहिरो, महादेव खोला कटान |
| ३ | मध्यम | बागमती फाँटका बस्ती | डुबान (ढल अभाव), पहिरो |
| ४ | मध्यम | नदी किनार र पाखा बस्ती | नदी कटान, पहिरो, सडक दुर्घटना |
| ५ | उच्च | थली बजार, उकालो बस्ती, भाडामा बस्ने परिवार | बाढी, सडक दुर्घटना, खानेपानी सुख्खा |
| ६ | उच्च | घना बस्ती, पानी जम्ने क्षेत्रहरु, भाडामा बस्ने परिवार | बाढी, पहिरो, डुवान, महामारी, आगलागी |
| ७ | उच्च | मनोहरा किनारका घना बस्ती, भाडामा बस्ने परिवार | नदी कटान, सडक दुर्घटना, महामारी, आगलागी |
| ८ | उच्च | घना बस्ती, एयरपोर्ट सडक, भाडामा बस्ने परिवार | बाढी, पहिरो, आगलागी, जमिन भासिने, महामारी |
| ९ | उच्च | उज्ज्वल नगर, सन् सिटी लगायत अति घना बस्ती, भाडामा बस्ने परिवार | बाढी, आगलागी, सडक दुर्घटना |

### ६.२ संस्थागत क्षमता विवरण

विपद् व्यवस्थापनका लागि नगरपालिकामा नगर विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समिति (सबै वडामा), नगर प्रहरी र नेपाल रेडक्रस सोसाइटी (नगर शाखा) क्रियाशील छन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप नगरपालिकाको

'कागेश्वरी मनोहरा नगरपालिका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७६ रहेका छन्। प्रमुख सरोकारवाला संस्था र सम्पर्क व्यक्तिहरूको विवरण निम्नानुसार छ।

तालिका ६.२ : संस्थागत क्षमता र सम्पर्क विवरण

| सि.नं. | संस्था | सम्पर्क व्यक्ति | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगर विपद् व्यवस्थापन समिति | नगर प्रमुख — उपेन्द्र कार्की | संयोजक | ०१-४४५१२४२ |
| २ | नगरपालिका विपद् सम्पर्क | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव | ०१-४४५०३५६ |
| ३ | जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष | जि.प्र.का काठमाडौं |
| ४ | जिल्ला समन्वय समिति | प्रमुख, जिल्ला समन्वय समिति | सदस्य | — |
| ५ | नेपाली सेना (विपद् तालिम शिक्षालय) | उपत्यका कमाण्ड | सहयोगी निकाय | १०५ |
| ६ | जिल्ला प्रहरी कार्यालय | प्रहरी प्रमुख | सुरक्षा/उद्धार | १०० |
| ७ | नेपाल रेडक्रस सोसाइटी | स्थानीय इकाई संयोजक | सहयोगी निकाय | ११३० (रेडक्रस सेवा) |
| ८ | नेपाल उद्योग वाणिज्य संघ | अध्यक्ष | सहयोगी निकाय | |
| ९ | रोटरी क्लब | अध्यक्ष | सहयोगी निकाय | |
| १० | लायन्स क्लब | अध्यक्ष | सहयोगी निकाय | |
| ११ | जेसिज | अध्यक्ष | सहयोगी निकाय | |
| १२ | नगर प्रहरी | नगर प्रहरी प्रमुख | फ्रन्टलाइन परिचालन | ०१-४४५१२४२ |
| १३ | स्वास्थ्य शाखा, नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | स्वास्थ्य प्रतिकार्य | ०१-४४५१२४२ |
| १४ | कृषि सेवा शाखा | कृषि सेवा शाखा प्रमुख | कृषि क्षति/राहत | ०१-४४५१२४२ |
| १५ | पशु सेवा शाखा | पशु सेवा शाखा प्रमुख | पशुधन क्षति/राहत | ०१-४४५१२४२ |

नेपाल रेडक्रस सोसाइटीसँग भूकम्प प्रतिरोधी घर बनाउन सक्ने दक्ष मिस्त्री, आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति, प्राथमिक उपचार स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता र मनोसामाजिक परामर्शदाता

उपलब्ध छन्। सबै वडामा विपद् समितिहरु रहेका तर रेडक्रसको सहभागिता कम रहेको हुँदा रेडक्रसलाई सहभागी गराउनुपर्ने, स्वयंसेवक संख्या बढाउनुपर्ने र नियमित तालिममार्फत समितिलाई क्रियाशील बनाउनुपर्ने आवश्यकता देखिन्छ।

## ६.३ स्रोत-साधन तालिका

विपद् प्रतिकार्यका लागि नगरपालिका, रेडक्रस र जिल्ला प्रहरीसँग उपलब्ध हुनुपर्ने उद्धार तथा राहत सामग्रीको सूची तयार गरिएको छ। हाल यी सामग्रीको परिमाणात्मक भण्डारण सीमित रहेको र वडास्तरमा वितरण नभएको अवस्था छ। तल आवश्यक स्रोत-साधन र हालको उपलब्धता प्रस्तुत गरिएको छ।

तालिका ६.३ : उद्धार तथा राहत स्रोत-साधन र उपलब्धता

| स्रोत-साधन / उपकरण | उपयोग | हालको उपलब्धता (२०८३) |
|---|---|---|
| सेफ्टी हेल्मेट, बुट, दस्ताना | उद्धारकर्मी सुरक्षा | सीमित मात्रामा रहेको र बढाउनुपर्ने |
| गैंती, हथौडा, बञ्चरो, बेल्चा | भग्नावशेष/ पहिरो उद्धार | सीमित मात्रामा रहेको र बढाउनुपर्ने |
| अग्नि नियन्त्रक यन्त्र (Fire Extinguisher) | आगलागी | वडा ४, ९ र गागलफेदी समितिका ७ स्थानमा अन्य वडामा राख्नुपर्ने |
| लाइफ ज्याकेट / डुङ्गा | बाढी उद्धार | कुनै पनि वडामा छैन तर राख्नुपर्ने |
| प्राथमिक उपचार बक्स / इमर्जेन्सी किट | प्राथमिक उपचार | रेडक्रसमा सीमित |
| दमकल | आगलागी नियन्त्रण | नगरपालिका (थली) मा उपलब्ध |
| एम्बुलेन्स | बिरामी ओसारपसार | आलापोट, नगर कार्यालय |
| जेनेरेटर, टर्च, डोरी, त्रिपाल, कम्बल | आपत्कालीन सहयोग | सीमित |
| राहत प्याकेज (खाद्यान्न) | राहत वितरण | रेडक्रसमा उपलब्ध, वडा भण्डारण छैन |

(स्रोत : स्थलगत सर्वेक्षण तथा पार्श्वचित्र कार्यशाला छलफल, २०८३)

राहत सामग्री आपूर्तिका लागि नगरपालिकाभित्र विभिन्न वडामा रहेका किराना/खाद्यान्न होलसेल पसल, ग्यास पसल, स्वास्थ्य प्रतिष्ठान, व्यापारी र कन्सल्टेन्सीहरूलाई सम्भावित आपूर्तिकर्ताका रूपमा सूचीकृत गर्न सकिन्छ । नगरपालिकाले यी स्थानीय आपूर्तिकर्तासँग पूर्व-सम्झौता गरी आपत्कालीन समयमा तत्काल आपूर्ति सुनिश्चित गर्नुपर्ने देखिन्छ।

## ६.४ खुला स्थान र हेलिप्याडको विवरण

विपद्को समयमा अस्थायी आश्रय, राहत वितरण र उद्धार सामग्री व्यवस्थापनका लागि खुला स्थान (Open Space) अत्यावश्यक हुन्छ। यस प्रोफाइलमा पहिचान गरेका मुख्य खुला स्थानहरू तालिका ६.४ मा प्रस्तुत गरिएको छ।

तालिका ६.४: नगरपालिकाका मुख्य खुला स्थानहरु

| क्र.स. | पहिचान गरिएका खुला स्थानहरू |
|---|---|
| १ | सिम्खडा गाउँ, बाघ धारा |
| २ | थलीको चौर, डुमाखालको चौर, पलाञ्चोक भगवती मन्दिर, गजरकोट, सानो थली |
| ३ | पार्टीटार चौर, झुल्को वन, वनपाखा, चखण्डोल वन |
| ४ | जगतजंग (मनोहरा दरबार), प्रगति मार्ग, चलनटार, ब्रह्मखेल |
| ५ | झमक कुमारी मार्ग चौर, तेज विनायक सा.वि., थली चौर, श्री कान्ति केन्द्र मा.वि. |
| ६ | कान्ति आदर्श मा.वि., बाल राष्ट्रिय आधारभूत वि., मूलपानी क्रिकेट मैदान, ठंगेश्वर वन, झुलपाखा बखनडोल |
| ७ | सोम तीर्थ मैदान |
| ८ | तेज विनायक विद्यालय, पशुपति क्षेत्र विकास कोषको ५७८ रोपनी खाली जग्गा |
| ९ | गान्धी मा.वि. परिसर |

नगरपालिकामा आपत्कालीन आश्रयका लागि तालिका ६.४ मा उल्लेख भएका स्थानका अलावा फुयालचौर, कृष्णचौर, थापाडाँडाचौर, भैलेवल चौर, महादेव खोला चौर, चिप्लेडाँडा चौर, कल्लाको डिलको पाटीको चौर, शहीद वनबाटिका, फिकलडाँडा खुला क्षेत्र, लोकतान्त्रिक शहीद पार्क, धारापानी बाल उद्यान र पवित्र वन क्षेत्र पनि पहिचान गरिएका छन्। हेलिप्याडका लागि माथि उल्लेखित स्थानहरुमा राख्न सकिने भएता पनि मूलपानी क्रिकेट मैदान, पशुपति क्षेत्रको खाली जग्गा, सोम तीर्थ मैदान उपयुक्त छन्।

# भाग ७ : प्रकोप पूर्वानुमान र पूर्व-सूचना प्रणाली

## ७.१ हालको पूर्व-सूचना प्रणालीको अवस्था

प्रभावकारी पूर्व-सूचना प्रणाली (Early Warning System) ले विपद्को क्षति न्यूनीकरणमा निर्णायक भूमिका खेल्दछ। समयमै प्राप्त चेतावनीले समुदायलाई सुरक्षित स्थानमा सर्न, धनसम्पत्ति जोगाउन र उद्धार तयारी गर्न समय दिन्छ। वडास्तरीय छलफल (२०८३) अनुसार यस नगरपालिकाको वडा ९ मा मात्र पूर्व- सूचना प्रणाली (साइरन/माइक/SMS) रहेको तर अन्य वडाहरूमा यस्तो प्रणाली नभएको पाइयो। बाढीको पूर्व-सूचनाका लागि मनोहरा र बागमती नदीमा जलसतह मापन (river gauge) र वर्षा मापन (rain gauge) जस्ता स्वचालित चेतावनी प्रणाली अहिलेसम्म स्थापित नभएको देखिन्छ। विद्यमान सञ्चार माध्यम (मोबाइल, सामाजिक सञ्जाल, स्थानीय एफएम, वडा कार्यालय) लाई पूर्व-सूचनासँग व्यवस्थित रूपमा आबद्ध गरिएको छैन। जल तथा मौसम विज्ञान विभाग (DHM) ले उपलब्ध गराउने पूर्वानुमानलाई वडा तहसम्म पुऱ्याउने संयन्त्र कमजोर रहेको छ।

तालिका ७.१ : पूर्व-सूचना प्रणालीको हालको अवस्था

| पूर्व-सूचना घटक | हालको अवस्था | आवश्यकता |
|---|---|---|
| साइरन/माइक प्रणाली | वडा ९ मा सीमित | सबै उच्च जोखिम वडामा जडान |
| नदी जलसतह मापन (gauge) | अपर्याप्त | मनोहरा/बागमतीमा स्वचालित gauge |
| वर्षा मापन (rain gauge) | सीमित | वडागत वर्षा मापन स्टेसन |
| SMS/मोबाइल चेतावनी | प्रणालीगत रूपमा छैन | वडागत सम्पर्क सूची र bulk-SMS |
| सामुदायिक सतर्कता समूह | अनौपचारिक | प्रशिक्षित टोल/वडा सतर्कता समूह |

**(स्रोत : वडागत छलफल, २०८३)**

## ७.२ सुधारका सुझाव र सम्भावनाहरू

पूर्व-सूचना प्रणालीलाई प्रभावकारी बनाउन निम्न सुधारका उपायहरू अवलम्बन गर्न सकिन्छ :

- मनोहरा र बागमती नदीको माथिल्लो भागमा जलसतह मापन यन्त्र (river gauge) जडान गरी समुदाय-आधारित बाढी पूर्व-सूचना प्रणाली (Community Based Flood Early Warning System) स्थापना गर्ने।
- जल तथा मौसम विज्ञान विभाग (DHM) सँग समन्वय गरी वर्षा/मौसम पूर्वानुमानलाई वडा तहसम्म पुऱ्याउने स्वचालित संयन्त्र (auto-SMS/मोबाइल एप) विकास गर्ने।
- उच्च जोखिमयुक्त वडा (६, ७, ८, ९) र तटीय बस्तीमा साइरन/सार्वजनिक उद्घोषण (PA) प्रणाली जडान गर्ने।

- प्रत्येक टोलमा प्रशिक्षित सामुदायिक सतर्कता समूह (Community Watch Group) गठन गरी वर्षायाममा निरन्तर निगरानी राख्ने।
- वडागत आपत्कालीन सम्पर्क नम्बर सूची तयार गरी सार्वजनिक स्थान, विद्यालय र वडा कार्यालयमा होर्डिङ बोर्डमार्फत प्रचार गर्ने।
- स्थानीय एफएम रेडियो र सामाजिक सञ्जालमार्फत मौसमी चेतावनी र विपद् सचेतना सन्देश प्रसार गर्ने।
- विद्यालय तथा समुदायमा नियमित विपद् पूर्वाभ्यास कार्यक्रम सञ्चालन गरी सूचना पाएपछि के गर्ने भन्ने स्पष्ट कार्यविधि अभ्यास गराउने।
- भूकम्पका लागि राष्ट्रिय भूकम्प मापन केन्द्रको चेतावनी र मोबाइल अलर्ट प्रणालीसँग आबद्ध हुने; अग्रिम चेतावनी (earthquake early warning) प्रविधिको सम्भावना अध्ययन गर्ने।

# भाग ८ : जोखिम न्यूनीकरण सुझाव

वडास्तरीय छलफल, क्षेत्रगत विश्लेषण र संस्थागत क्षमताको मूल्याङ्कनका आधारमा जोखिम न्यूनीकरणका सुझावहरूलाई समयावधिका आधारमा तत्काल (अल्पकालीन), मध्यकालीन र दीर्घकालीन गरी वर्गीकरण गरी प्रस्तुत गरिएको छ भने वडागत प्राथमिकतामा आधारित सुझाव पनि समावेश गरिएको छ। यी सुझाव संरचनात्मक (भौतिक) र गैर-संरचनात्मक (नीति/क्षमता) दुवै प्रकृतिका छन्।

## ८.१ तत्काल (अल्पकालीन) सुझावहरू

(कार्यान्वयन अवधि : ० देखि १ वर्षभित्र)

- नगर तथा सबै वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई नियमित बैठक सञ्चालन गर्ने र रेडक्रसलाई सबै वडा समितिमा सहभागी गराउने।
- बाढी उद्धारका लागि लाइफ ज्याकेट र डुङ्गा खरिद गरी उच्च जोखिमयुक्त तटीय वडा (६, ७, ८, ९) मा राख्ने।
- सार्वजनिक स्थान, विद्यालय, बजार र घना बस्तीमा अग्नि नियन्त्रक यन्त्र राख्ने र पानीको ट्यांकीमा आपत्कालीन आउटलेट राख्ने व्यवस्था गर्ने।
- प्राथमिक उपचार, खोज-उद्धार र आगलागी नियन्त्रण सम्बन्धी तालिम सञ्चालन गरी वडास्तरीय स्वयंसेवक टोली तयार गर्ने।
- वर्षायाम अगावै खहरे, ढल र नाला सफाइ गरी निकास सुधार्ने।
- जोखिमयुक्त जीर्ण/ठूला रूख र लत्रिएका विद्युत् तार/पोल मर्मत वा हटाउने।
- विपद् सम्बन्धी जानकारी दिने होर्डिङ बोर्ड र आपत्कालीन सम्पर्क नम्बर सबै वडामा राख्ने।
- नगर प्रहरीलाई फ्रन्टलाइनमा परिचालन गर्ने, नेपाल रेडक्रस र पूर्व सुरक्षाकर्मीको टोली परिचालनको कार्यविधि तयार गर्ने।
- डेङ्गु लगायतका मौसमी महामारी रोकथामका लागि सरसफाइ अभियान र जनचेतना कार्यक्रम सञ्चालन गर्ने।

## ८.२ मध्यकालीन सुझावहरू

(कार्यान्वयन अवधि : १ देखि ३ वर्षभित्र)

- मनोहरा र बागमती नदी र महादेव खोलाका उच्च कटान क्षेत्रमा तटबन्ध, ग्याबिन र जैविक तटबन्ध (bio-engineering) मार्फत संरचनात्मक सुरक्षा निर्माण गर्ने।
- समुदाय-आधारित बाढी पूर्व-सूचना प्रणाली र वडागत साइरन/SMS चेतावनी प्रणाली स्थापना गर्ने।
- प्रत्येक उच्च जोखिमयुक्त वडामा पूर्व-तयारी सामग्री (राहत/उद्धार) को भण्डारण केन्द्र (pre-positioned stock) स्थापना गर्ने।
- पहिरो जोखिम क्षेत्रमा सडक निर्माण गर्दा उचित निकास, पर्खाल र वृक्षरोपण अनिवार्य गर्ने र पहिरो नियन्त्रणपछि मात्र आवास क्षेत्र विस्तार हुने कानुनी व्यवस्था लागू गर्ने।

- भवन संहिता (Building Code) कडाइका साथ पालना गराउने र भूकम्प प्रतिरोधी निर्माणका लागि मिस्त्री तालिम विस्तार गर्ने ।
- साँघुरा गल्ली भएका बस्तीमा दमकल पहुँच सुधार गर्ने र खानेपानी पाइपलाइन विस्तार गर्ने (विशेषतः वडा ८, ९ मा) ।
- विद्यालयहरूलाई भूकम्प/विपद् सुरक्षित बनाउने (school safety) र आश्रयस्थलका रूपमा प्रयोग गर्न पूर्वाधार (शौचालय, पानी, बिजुली) सुधार्ने ।
- प्रत्येक घरमा अग्नि नियन्त्रक यन्त्र (Fire extinguisher) राख्ने अभियान सञ्चालन गर्ने ।

## ८.३ दीर्घकालीन सुझावहरू

(कार्यान्वयन अवधि : ३ देखि ५+ वर्ष)

- सम्पूर्ण नगरपालिकाको बहु-प्रकोप जोखिम नक्साङ्कन (multi-hazard risk mapping) GIS मार्फत तयार गरी भू-उपयोग योजना (Land Use Plan) मा समावेश गर्ने ।
- नदी किनार, सिमसार र पहिरो जोखिम क्षेत्रलाई "नो-बिल्ड जोन" (निर्माण निषेधित क्षेत्र) घोषित गरी जोखिममुक्त क्षेत्रमा व्यवस्थित बस्ती विकास गर्ने ।
- एकीकृत नदी व्यवस्थापन (मनोहरा–बागमती) का लागि छिमेकी पालिका, प्रदेश र संघसँग समन्वय गरी दीर्घकालीन तटबन्ध र नदी सुधार आयोजना सञ्चालन गर्ने ।
- विपद् व्यवस्थापन कोष स्थापना/सुदृढ गरी पर्याप्त बजेट विनियोजन गर्ने र Bipad Portal मा आधारित घटना-अभिलेख तथा क्षति लेखाजोखा प्रणाली विकास गर्ने ।
- स्थायी आपत्कालीन कार्य सञ्चालन केन्द्र र वडागत आश्रयस्थल/खुला स्थानको पूर्वाधार विकास गर्ने ।
- जलवायु अनुकूलन (climate adaptation) कार्यक्रममार्फत खानेपानी मुहान संरक्षण, वर्षाको पानी संकलन (recharge), वृक्षरोपण र भू-संरक्षण गर्ने ।
- विपद् व्यवस्थापनलाई विद्यालय पाठ्यक्रम र सामुदायिक कार्यक्रममा समावेश गर्ने ।

## ८.४ वडागत प्राथमिकतामा आधारित सुझाव

प्रत्येक वडाको प्राथमिकतामा आधारित जोखिम न्यूनीकरणका लागि सुझावहरू (कार्यक्रमहरू) तल प्रस्तुत गरिएका छन् ।

तालिका ८.१ : वडागत प्राथमिकतामा आधारित जोखिम न्यूनीकरण सुझावहरू (कार्यक्रमहरू)

| वडा | सुझावहरू (कार्यक्रमहरू) |
|---|---|
| १ | पहिरो नियन्त्रण (तटबन्ध/वृक्षरोपण), अग्नि नियन्त्रक यन्त्र वितरण, वन्यजन्तु द्वन्द्व न्यूनीकरण, साँघुरा गल्ली सुधार, पूर्व-सूचना प्रणाली |
| २ | महादेव खोला कटान नियन्त्रण, साना पहिरो स्थिरीकरण, सडक सुधार, पूर्व-सूचना प्रणाली |

| वडा | सुझावहरू (कार्यक्रमहरू) |
|---|---|
| ३ | ढल  निकासमा सुधार, पहिरो नियन्त्रण, पूर्व-सूचना प्रणाली |
| ४ | मनोहरा कटान नियन्त्रण, कोल्मतेश्वर–प्रगति मार्ग पहिरो सुधार, सडक सुरक्षा, पूर्व-सूचना प्रणाली |
| ५ | थली बजार सडक सुरक्षा, खानेपानी मुहान संरक्षण, खहरे व्यवस्थापन, पूर्व-सूचना प्रणाली |
| ६ | मनोहरा तटबन्ध (सिर्जना टोल/पासीखेल), पूर्व-सूचना प्रणाली, खानेपानी सुधार |
| ७ | नदी किनार बस्ती सुरक्षा, सडक पेटी निर्माण, पूर्व-सूचना प्रणाली |
| ८ | सिर्जना टोल बाढी नियन्त्रण, एयरपोर्ट सडक पहिरो, आगलागी  नियन्त्रण पूर्वतयारी, पूर्व-सूचना प्रणाली |
| ९ | उज्ज्वल नगर/सन् सिटी बाढी नियन्त्रण, आगलागी  नियन्त्रण पूर्वतयारी, सडक सुरक्षा |

माथिका सुझावहरू कार्यान्वयन गर्न नगरपालिकाले वार्षिक बजेटमा विपद् व्यवस्थापनलाई प्राथमिकता दिनुपर्दछ, संघ/प्रदेश र दातृ निकायसँग साझेदारी गर्नुपर्दछ र समुदायलाई सक्रिय सहभागी बनाउनुपर्दछ। यो पार्श्वचित्र प्रत्येक वर्ष नयाँ घटना तथ्याङ्कसहित अद्यावधिक गरिनुपर्दछ।

## सन्दर्भ सामग्री

यस विपद् पार्श्वचित्र तयारीमा प्रयोग गरिएका प्राथमिक र द्वितीय स्रोतहरू निम्नानुसार छन्।


क. प्राथमिक स्रोत

१. कागेश्वरी मनोहरा नगरपालिका, स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७८।

२. कागेश्वरी मनोहरा नगरपालिका, आवधिक नगर विकास योजना २०८१/८२–२०८५/८६।

३. विपद् पार्श्वचित्र तयारी कार्यशाला गोष्ठी २०८३ — वडागत चेकलिस्ट तथा छलफल सारांश।

४. कागेश्वरी मनोहरा नगरपालिका, वडागत जानकारी (वडा १–९ प्रोफाइल), नगरपालिका वेबसाइट।

५. कागेश्वरी मनोहरा नगरपालिका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७६।

ख. राष्ट्रिय तथा द्वितीय स्रोत

६. राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO/CBS), राष्ट्रिय जनगणना २०७८ — censusnepal.cbs.gov.np।

७. Nepal Archives — Kageshwori Manohara Municipality Profile (nepalarchives.com)।

८. नेपाल सरकार, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली २०७६; स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

९. जल तथा मौसम विज्ञान विभाग (DHM); राष्ट्रिय भूकम्प मापन केन्द्र।

१०. राष्ट्रिय आर्थिक गणना २०७५ — कागेश्वरी मनोहरा सम्बन्धी तथ्याङ्क।

११. नगरपालिका वार्षिक प्रगति/अभिलेख, आ.व. २०८०/८१ (बजेट, निर्माण, कृषि/पशु फर्म)।

१२. नगरपालिका वार्षिक शैक्षिक प्रतिवेदन, २०८०/८१ (साक्षरता, विद्यालय/ECD)।

१३. बागमती प्रदेश आवधिक योजना; राष्ट्रिय वि.जो.न्यू. रणनीतिक कार्ययोजना; सेन्डाई फ्रेमवर्क (२०१५-३०)।

# अनुसूचीहरु

## अनुसूची १: वडागत पार्श्वचित्र(प्रोफाइल)

कागेश्वरी मनोहरा नगरपालिकाका वडा नं. १ देखि ९ सम्मको विस्तृत पार्श्वचित्र यस अनुसूचीमा प्रस्तुत गरिएको छ।

### वडा नं. १: गागलफेदी क्षेत्र

#### क. वडाको जानकारी

नगरपालिकाको सबैभन्दा ठूलो क्षेत्रफल (९.८१८ वर्ग कि.मी.) ओगटेको वडा नं. १ साविक गागलफेदी गाविसका वडा नं. १, २ र १४ समायोजन गरी बनेको हो। उत्तरी पहाडी भागमा छरिएको बस्ती रहेको यस वडाको जनसंख्या ६,७९६ (नगरपालिकाको ५.२१%) रहेको छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग जोडिएको हुनाले यहाँ पहिरो, भूक्षय, आगलागी र मानव-वन्यजन्तु द्वन्द्वको जोखिम उच्च रहेको र समग्र संकटासन्नता स्तर **उच्च** रहेको छ। कागेश्वरी महादेव मन्दिरका कारण धार्मिक पर्यटनको सम्भावना पनि यस वडाले बोकेको छ।

#### ख. सामाजिक-आर्थिक अवस्था

वडाको अर्थतन्त्र मुख्यतया कृषि र पशुपालनमा आधारित छ भने गागलफेदी बजार यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र हो। बस्ती पहाडी पाखामा छरिएर रहेको छ। कागेश्वरी महादेव मन्दिरलगायतका धार्मिक स्थलका कारण यहाँ धार्मिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ।

#### ग. विपदको विवरण

यस वडाका मुख्य विपदहरु निम्न रहेका छन्:

| विपद (प्रकोप) | विवरण |
|---|---|
| बाढी/डुबान/नदी कटान | महादेव खोला/कागेश्वरी झरना कटान; घट्टे खोला, भैरवथान खहरे, ठलाठिक खहरे, माघे खोला, राजकुलोले डुबान/कटान,राम जानकी मन्दिर बाटो र भैरवस्थान खहरेले वर्षातमा डुबान। |
| पहिरो/भूक्षय | सुरेश/सुमन/देवेन्द्र खड्काको घर पछाडि, पिपलडाँडा, ढकाल खोला, पुनारगाउँ; भिमेश्वर मन्दिर पारि सिमपाखामा १ घर पुरिएको, क्षेमपाल भैरव मन्दिर पछाडि १० घर जोखिम, रुम्टामा पहिरोले मृत्यु, देबी थान मुनि १ घाइते। |
| आगलागी | भाडामा बस्ने टहरा, ग्यास, काठ फर्निचरबाट आगलागी। दमकल नपुग्ने, पिपलडाँडा, पुवार गाउँ, अधिकारी गाउँ, सुबेदी गाउँ। अग्नि नियन्त्रक गागलफेदी खानेपानी समितिका ७ स्थानमा रहेको। |
| भूकम्प | ज्वालादेवी मन्दिर, राम मन्दिर, पुनारगाउँ गुठी घर (जीर्ण)। |

| विपद (प्रकोप) | विवरण |
|---|---|
| अन्य (महामारी/सडक/विद्युत्/वन्यजन्तु आदि) | हावाहुरी/चट्याङबाट क्षति। वन्यजन्तु द्वन्द्व: शिवपुरी निकुञ्ज नजिक (बँदेल/चितुवा/मृग)। सडक दुर्घटना: गागल, नरमखेल, पत्तली–लकिला, पुवार/अधिकारी गाउँ सडक। |

## घ. विपद् व्यवस्थापन तथा क्षमता

वडामा विपद् व्यवस्थापन समिति गठन भएको छ र नेपाल रेडक्रसका प्राथमिक उपचार स्वयंसेवक क्रियाशील छन्। अग्नि नियन्त्रणका लागि गागलफेदी खानेपानी समितिअन्तर्गत ७ स्थानमा व्यवस्था रहेको छ। तर पूर्व-सूचना प्रणाली तथा बाढी उद्धारका लागि डुङ्गा/लाइफ ज्याकेट जस्ता सामग्रीहरूको व्यवस्था छैन।तत्काल उद्धारका लागि कागेश्वरी नगर अस्पताल, आलापोट स्वास्थ्य केन्द्र, नेपाल रेडक्रस सोसाईटी र प्रहरी गागलफेदी/साँखु/थली बिटमा रहेका छन् ।

## ङ. खानेपानी, सरसफाइ र बस्ती व्यवस्थापन

वडाका पानीका मुहान सुक्दै गएकाले खानेपानीमा चाप परेको छ। गागल र सुबेदी गाउँमा ढल निकासको समस्या रहेको छ भने भित्री कच्ची सडकमा वर्षातमा पानी जम्ने समस्या रहेको छ। मनोहरा र राजकुलोको कटानले वर्षेनी कृषि जमिनमा क्षति पुऱ्याउँदै आएको छ। बस्ती पहाडी पाखामा अव्यवस्थित रूपमा विस्तार हुँदै गइरहेको छ।

## च. स्वास्थ्य, र आपत्कालीन सेवा

| सेवा/स्थलको नाम | प्रकार | प्राथमिकता/प्रयोग |
|---|---|---|
| गागलफेदी स्वास्थ्य चौकी | स्वास्थ्य | मध्यम |
| गागलफेदी प्रहरी चौकी/बिट | प्रहरी | मध्यम |

## छ. खुला क्षेत्र, आश्रयस्थल (विद्यालय/शैक्षिक संस्था)

यस वडामा रहेका सार्वजनिक स्थानहरु, बिद्यालय तथा खुला क्षेत्र/आश्रयस्थल विपद्को समयमा अस्थायी आश्रय, राहत वितरण र उद्धार समन्वयका लागि प्रयोग गर्न सकिन्छ।

| सि.नं. | विद्यालय/संस्थाको नाम | प्रकार | तह | आश्रय प्राथमिकता |
|---|---|---|---|---|
| १ | Bal Uddhar Secondary School | सार्वजनिक | Nursery–१० | मध्यम–उच्च |
| २ | Gagal Phedi Harsa Basic School | सार्वजनिक | Nursery–३ | मध्यम–उच्च |
| ३ | Manilingeshwor Basic School | सार्वजनिक | Nursery–८ | मध्यम–उच्च |
| ४ | Nyingma Palyul Buddhist Basic School | धार्मिक | १–८ | मध्यम |
| ५ | Padmai Ga-Tshal Choiling Secondary School | निजी | Nursery–१२ | न्यून |
| ६ | Shanti Pathshala | निजी | Nursery–१० | न्यून |

| सि.नं. | विद्यालय/संस्थाको नाम | प्रकार | तह | आश्रय प्राथमिकता |
|---|---|---|---|---|
| ७ | Shuvarambha School | निजी | Nursery–४ | मध्यम |

'मध्यम–उच्च' प्राथमिकता भएका सार्वजनिक विद्यालय भवन आश्रयस्थलका लागि उपयुक्त मानिएका छन्।

**ज. प्रमुख आवश्यकता / सुझाव**

यस वडाका प्रमुख प्राथमिकतामा पहिरो नियन्त्रण (तटबन्ध तथा वृक्षरोपण), अग्नि नियन्त्रण क्षमताको विस्तार, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र साँघुरा गल्लीमा दमकल/उद्धार पहुँच सुधार पर्दछन्।




नक्सा ६: वडा नं. १ को आधार/जोखिम /आश्रयस्थल देखाउने नक्सा

# वडा नं. २ः आलापोट क्षेत्र

## क. वडाको जानकारी

वडा नं. २ साविकको आलापोट गाविस वडा नं. ३ र १५ समायोजन गरी बनेको, कृषिप्रधान र छरिएको बस्ती भएको क्षेत्र हो। १.५५३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस वडाको जनसंख्या ३,४६८ (नगरपालिकाको २.६४%) रहेको र जनघनत्व अपेक्षाकृत कम छ। जात्रा तथा सांस्कृतिक गतिविधिका लागि परिचित यस वडाको समग्र संकटासन्नता स्तर 'न्यून' रहेको छ। बागमती र महादेव खोलाको कटान तथा स-साना पहिरो यहाँका मुख्य जोखिम हुन्।

## ख. सामाजिक-आर्थिक अवस्था

वडाको अर्थतन्त्र मुख्यतः कृषिमा आधारित छ। जात्रा र सांस्कृतिक गतिविधिका लागि प्रख्यात यस वडामा बस्ती छरिएर रहेको छ र नगरपालिकाकै कम जनघनत्व भएका वडामध्ये यो पर्दछ।

## ग. विपद् जोखिमको विवरण

| प्रकोप | विवरण |
|---|---|
| बाढी/डुबान/नदी कटान | नयाँ गाउँ, सिम्खडा गाउँमा बागमती र ब्रह्मखेल खोलाले कटान, बागमती र महादेव खोला करिडोर |
| पहिरो/भूक्षय | स-साना पहिरो, काउरे परिवार गाउँ बाटोमा ठूलो पहिरो, आलापोट जरिबुट्टे, कौरे, महादेव खोला नजिक। |
| आगलागी | आगलागी तुलनात्मक रूपमा न्यून। |
| भूकम्प | उल्लेख्य जीर्ण संरचना छैन। |
| अन्य (महामारी/सडक/विद्युत/वन्यजन्तु आदि) | हावाहुरीबाट क्षति। सडक दुर्घटना: आलापोट, फुयाल गाउँ सडक। विद्युत् पोल: सडक/निजी जग्गामा। |

## घ. विपद् व्यवस्थापन तथा क्षमता

वडामा विपद् व्यवस्थापन समिति गठन भएको छ र नेपाल रेडक्रसको सहभागिता रहेको छ। तर पूर्व-सूचना प्रणाली र बाढी उद्धारका लागि डुङ्गाको व्यवस्था छैन।

### ङ. खानेपानी, सरसफाइ र बस्ती व्यवस्थापन

वडाको ढल तथा निकासको अवस्था सामान्य रहेको र बस्ती छरिएर व्यवस्थित रूपमा रहेकाले बस्ती व्यवस्थापनको चाप अपेक्षाकृत कम छ।

### च. स्वास्थ्य, र आपत्कालीन सेवा

यस क्षेत्रमा स्वास्थ्य आलापोट स्वास्थ्य चौकी रहेको छ भने आपतकालीन सेवाको लागि आलापोट सामुदायिक खुला मैदान प्रयोग गर्न सकिन्छ ।

### छ. खुला क्षेत्र, आश्रयस्थल (विद्यालय/शैक्षिक संस्था)

| सि.नं. | विद्यालय/संस्थाको नाम | प्रकार | तह | आश्रय प्राथमिकता |
|---|---|---|---|---|
| १ | Bal Bikas Secondary School | सार्वजनिक | Nursery—१२ | उच्च |
| २ | Bandana Progressive English School | निजी | Nursery—८ | मध्यम |
| ३ | Bayoca Community School | निजी (गैनाफा) | Nursery—१० | मध्यम |
| ४ | Natheshwori Basic School | सार्वजनिक | Nursery—५ | मध्यम—उच्च |
| ५ | Siddhi Ganesh Secondary School | सार्वजनिक | Nursery—१२ | उच्च |

'उच्च/मध्यम—उच्च' प्राथमिकता भएका (प्रायः सार्वजनिक/ठूला) विद्यालय भवन आश्रयस्थलका लागि उपयुक्त मानिएका छन्।

### ज. प्रमुख आवश्यकता / सुझाव

महादेव खोलाको कटान नियन्त्रण, स-साना पहिरोको स्थिरीकरण र सडक सुधार यस वडाका प्रमुख आवश्यकता हुन् (समग्र संकटासन्नता न्यून)।




नक्सा ७: वडा नं. २ को आधार/जोखिम तथा आश्रयस्थल देखाउने नक्सा

## वडा नं. ३ः भद्रवास क्षेत्र

### क. वडाको जानकारी

वडा नं. ३ साविकको भद्रवास गाविस वडा नं. ४ र १६ समायोजन गरी बनेको हो। बागमती फाँटको कृषि र क्रमशः बढ्दो आवासीय क्षेत्र भएको यो वडा जनसंख्या ३,१९६ (नगरपालिकाको २.४५%) तथा क्षेत्रफल दुवैमा नगरपालिकाकै सानामध्ये पर्दछ। थापा डाँडा र मनटारको पहिरो, बागमती फाँटको डुबान र साउने मूलमा सडक धसानको जोखिम रहेकाले समग्र संकटासन्नता स्तर 'मध्यम' रहेको छ।

### ख. सामाजिक-आर्थिक अवस्था

वडाको अर्थतन्त्र बागमती फाँटको कृषिमा आधारित छ भने आवासीय बस्ती क्रमशः बढ्दै गएको छ। जनसंख्या तथा क्षेत्रफल दुवैका हिसाबले यो नगरपालिकाकै सानो वडा हो।

### ग. विपद् जोखिमको विवरण

| प्रकोप | विवरण |
|---|---|
| बाढी/डुबान/नदी कटान | बागमती फाँटको सडकमा ढलको अभावले डुबान। |
| पहिरो/भूक्षय | थापा डाँडा, मनटारमा पहिरो; पहिरो क्षेत्रमा सडक निर्माण; १ घर विस्थापित। |
| आगलागी | आगलागी न्यून। |
| भूकम्प | भूकम्पबाट संरचना क्षति; पुनर्निर्माण सम्पन्न। |
| अन्य (महामारी/सडक/विद्युत्) | साउने मूल (वडा कार्यालय अगाडि), सडक धसिने सम्भावना। जीर्ण रूख: सत्यटार उकालो। |

### घ. विपद् व्यवस्थापन तथा क्षमता

वडामा विपद् व्यवस्थापन समिति गठन भएको छ। जनसंख्या र क्षेत्रफल कम भए पनि बढ्दो बस्तीका कारण पूर्वतयारी क्षमता सुदृढ गर्नुपर्ने देखिन्छ।

